(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



चैत्र २०८०

२७०

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

## २०८० चैत्र (Mar-Apr 2024)

वर्ष २३ अङ्क ६ पूर्णाङ्क २७० (Year 23 Issue 6 Total issue 270)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

| | | |
|---|---|---|
| प्रधान-सम्पादक | : | धीरकुमार श्रेष्ठ |
| सम्पादक | : | भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल |
| कला संयोजन | : | राजेश मानन्धर |
| व्यवस्थापन | : | तुलसीकुमार कन्दङ्वा |
| वेबसाइट | : | https://sabdankur.com |
| | | http://bit.ly/sabdankur |
| आवरण | : | प्रविधि |
| ISSN | : | 2773-7969 |

मूल्य रु. ४५/-

**प्रतिनिधि**

लक्ष्मीकृष्ण श्रेष्ठ, महेन्द्र बहुमुखी क्याम्पस, धरान, सुनसरी; अरूणबहादुर खत्री 'नदी' ०१–४३५३५९४, सामाखुसी साहित्य समाज, काठमाडौँ; प्रेम ओझा, कञ्चनजङ्घा एकेडेमी, फिदिम, पाँचथर; ९७४२६०१८२३ र ९८५२६८१०२३, राजेशकुमार अर्याल, धवल पुस्तकालय, तानसेन, पाल्पा, पुष्करराज भट्ट, ९८४९–२२५८८३, धनगढी, कैलाली; लोकेश साउद, ९८४८–८४५८९८, दशरथ चन्द नपा, वडा नं. १ शाहीलेक, बैतडी; मोतीबहादुर भुजेल, ९८४६०–२७२१८, ९८५६–०३०५२५ मुनाल स्टोर्स, चिप्लेढुङ्गा ४ पोखरा, कास्की, दीपक सुवेदी, गौरादह ४, झापा, श्रीराम राई, ९८४३७९२५५८ दोर्पा २, चिउरीडाँडा, सिर्जनाकुञ्ज, खोटाङ, कुमार काफ्ले, सिद्धिचरण पुस्तकालय, यसम, ओखलढुङ्गा, माधव अधिकारी, ९८४३५७१८८२, नागार्जुन कम्युनिकेसन, नागार्जुन ५, सीतापाइला, काठमाडौँ, काजी रोशन, ९८४७–६२१३०९, ०६८–५२०२०४, बागलुङ ...

# यस अङ्कभित्र


## कविता/गजल

बाटो र माटोः दिव्य गिरी ४, म देश हूँ : गणेश घिमिरे 'मार्मिक' ५, कहाँ गयो सुनमाया तिम्रो सुन ? : नन्दु उप्रेती ६, फेरि लेख्ने मन छ 'गुलाबी रङको आकाश' : कुसुम गौतम ८, म आफ्नै घरभित्रको सी क्लासको राणाजी : बालचन्द्र मिश्र १०, चौकी तिमी कति महान् : अजम प्रधान १३, गजल : युगल सुनुवार १४, के गरूँ : सपना चन्द्रा १५, टुक्का कविता : गम्भीर दुवाडी १७

## कथा/संस्मरण/लघुकथा/यात्रा संस्मरण/इतिहास/समालोचना/आलेख/लकडाउन डायरी

ऊ... ऊ... को ? : माणिकरत्न शाक्य १६, भम्माने : विशाल बस्नेत १८, मुस्कान मेमप्रति : ईश्वर थोकर २२, प्रेम : ममता मृदुल २३, एकादेशको कथा - २ : रत्न प्रजापति २४, ट्रेड युनियनिस्टको कलकत्ता... : महेशराज खरेल २५, प्राचीन नेपालमा वर्मन खलक... : शीतल गिरी ३०, 'तिल गङ्गा गोविन्द' कृतिभित्रको सामाजिक... : ठाकुर शर्मा भण्डारी ३५, आदरणीय ठाकुर सर : डा. छायादत्त न्यौपाने 'बगर' ३९, कमेन्ट : वसन्त अनुभव ४१ र कोरोना कहरको क्रन्दन : रामदयाल राकेश ४२



**पत्रिकाको ठेगाना**

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

**वितरक :** साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६



**विशिष्ट सदस्य**

**स्वदेश :** सीता सापकोटा (काठमाडौँ), इन्दिरा चापागाईं (सङ्खुवासभा) र रामबाबु नेपाल (पाल्पा)
**विदेश :** प्रकाशचन्द्र निङ्लेकु (अस्ट्रेलिया)

**आजीवन सदस्यहरू**

**स्वदेश :** नर्मदेश्वरी सत्याल (सङ्खुवासभा), प्रा.डा. गोविन्दराज भट्टराई (पाँचथर), भोगेन्द्र लिङ्देन (झापा), धीरकुमार श्रेष्ठ (सप्तरी), गोविन्द घिमिरे (सिन्धुपाल्चोक), राजेशकुमार लिम्बु (तेह्रथुम), समीर शाह दाङ), सुभाषचन्द्र भण्डारी (कैलाली), हरिप्रसाद भण्डारी (गुल्मी), डा. रामप्रसाद ज्ञवाली (गुल्मी), रामदेव पाण्डे (अर्घाखाँची), देवीप्रसाद नेपाल (झापा), विश्वराम सिग्देल (काभ्रेपलाञ्चोक), छविरमण सिलवाल (काभ्रेपलाञ्चोक), प्रा.डा. कुमारप्रसाद कोइराला (ओखलढुङ्गा), नन्दलाल आचार्य (उदयपुर), अनन्त वाग्ले (काभ्रेपलाञ्चोक), लक्ष्मीकृष्ण श्रेष्ठ (धनकुटा), ध्रुव नेपाल (पाल्पा), मुकुन्द पोखरेल (भक्तपुर), नारायणप्रसाद रिमाल (पर्वत), मदनबहादुर पाठक (सर्लाही), अमरकुमार प्रधान (दोलखा), रामविक्रम थापा (खोटाङ), जी.के.एन. खडेरी (ललितपुर), मणिराज सिंह (महोत्तरी), अनिल श्रेष्ठ (तनहुँ), रामकृष्ण दुवाल (काठमाडौँ), इन्द्रकुमार श्रेष्ठ (ओखलढुङ्गा), मोतीबहादुर भुजेल (कास्की), प्रेमराज लुइँटेल (स्याङ्जा), सगुन श्रेष्ठ (दोलखा), डा. तुलसीप्रसाद भट्टराई (ताप्लेजुङ), निरञ्जन रिजाल (धादिङ), अनिलचन्द्र श्रेष्ठ (दोलखा), डिल्लीराम राई (खोटाङ), प्रा.डा. जीवेन्द्रदेव गिरी (सुर्खेत), टेकेन्द्रराज चेम्जोङ (झापा), हरि गौतम (पाँचथर), अविनाश श्रेष्ठ (आशाम, भारत), केशव भट्टराई (मोरङ), विन्दु दाहाल 'मुकदर्शक' (झापा), विष्णु न्यौपाने (झापा), नरपति पाण्डे (झापा), लेखनाथ न्यौपाने (झापा), दीपक सुवेदी (झापा), टङ्कबहादुर आलेमगर (उदयपुर), मधुर भट्टराई (महोत्तरी), यादव भट्टराई (पाल्पा), कुमार काफ्ले (ओखलढुङ्गा), दिव्य गिरी (ललितपुर), सुरेश काफ्ले 'बिदारक' (सुनसरी), प्रा.डा. कृष्णप्रसाद घिमिरे (अर्घाखाँची), प्रदीप प्रधान (रूपन्देही), उमेश राई 'अकिञ्चन', निरञ्जन त्रिपाठी (काठमाडौँ), सागर फुयाँल (काठमाडौँ), कृष्ण प्रधान (पाँचथर), दीन पन्थी (गुल्मी), शेखरकुमार श्रेष्ठ (काठमाडौँ), श्रवणकुमार ढुङ्गाना (रूपन्देही), वासु पन्थी (दाङ), हेमन्तराज दुलाल (झापा), नितेश सापकोटा (सिरहा), छायादत्त न्यौपाने (पर्वत), तेजप्रकाश श्रेष्ठ (काठमाडौँ), प्रा.डा. भीम खतिवडा (सुनसरी), शर्मिला खड्का दाहाल (सुनसरी), डा. हरिप्रसाद सिलवाल (धादिङ), विजय चालिसे (काठमाडौँ), दीपक श्रेष्ठ (झापा), कमलीकान्त भेटुवाल (सङ्खुवासभा), उद्धवगोपाल श्रेष्ठ (काठमाडौँ), रामकाजी खड्का 'राकासु' (भक्तपुर), दिल पौडेल (सिन्धुली), केदार सङ्केत (ललितपुर), श्याम प्रधान (काठमाडौँ), एकुकुमारी निङ्लेकु (काठमाडौँ)....

**विदेश :** सुवास निङ्लेकु (अस्ट्रेलिया), सुशीला निङ्लेकु (अस्ट्रेलिया), कृष्ण बजगाईं (बेलायत), प्रेमबहादुर कट्वाल (कुवेत), गुर्खा नेप्लिज कम्युनिटी (अस्ट्रेलिया), रिम्की चोङबाङ (अस्ट्रेलिया)...

# हाम्रो अभिमत

समयको पछिल्लो चरण विज्ञान र प्रविधिको हो । यिनले मानवीय व्यवहारका प्रायः प्रायः क्रियाकलापलाई सहज, सरल, छिटोछरितो र भरपर्दो एवम् विश्वसनीय पारिदिएका छन् । श्रम र समयको लागतमा कमी हुनुका साथै समय र बाटोको लामो दूरीलाई पनि छोट्याइदिएका छन् । मानिसले वर्तमान समयमा आर्जन गरेको यो महत्त्वपूर्ण उपलब्धि हो । यसले गर्दा विश्व नै एउटा सानो गाउँमा परिणत भएको छ । यसभन्दा अझ अगाडि बढेर भन्नुपर्दा लगभग विश्व नै एउटा हत्केलामा समेटिन आइपुगेको छ । हत्केला फैलायो, विश्वसँग सम्पर्क स्थापित गऱ्यो । हत्केला खोल्यो विश्वको परिभ्रमण एउटा सानो कोठामा बसेर सजिलै गऱ्यो । यस्तो चामत्कारिक उपलब्धि प्राप्त भइसकेको आजको अवस्था हो । यस किसिमको जादुई उपलब्धि आजको सहज प्राप्ति हो । हिजोसम्म तिलस्मी र कोरा काल्पनिक लाग्ने यस्ता कुराहरू आजका यथार्थ र वस्तुसत्य बन्दा आश्चर्यजनक रूपमा विश्व अगाडि बढिरहेको अनुभूति हुन्छ । विज्ञान र प्रविधिमा आएको यस्तो आयामिक परिवर्तनले मानिसको सोचमा पनि परिवर्तन ल्याइदिएको छ । मानिसले छिटो छिटो सोच्न थालेका छन् । छिटो छिटो प्राप्तिको आशा गर्न थालेका छन् । पर्खिरहने धैर्य क्रमशः लगभग समाप्त हुँदो छ ।

मानवीय जीवन र समाजका प्रायः क्षेत्रमा हस्तक्षेपकारी उपस्थिति जनाइरहेका विज्ञान र प्रविधिबाट साहित्य मात्र अलग रहने कुरै रहँदैन । यसमा पनि विज्ञान र प्रविधिले हस्तक्षेपकारी उपस्थिति देखाइसकेको छ । फलतः आज साहित्यिक प्रकाशन कसैको नियन्त्रणमा छैन । एउटा क्लिकमा साहित्यको प्रकाशनमा विश्वभरिबाट पहुँच पुग्छ । प्रकाशनकै लागि ढोका ढोका धाउनुपर्ने र चप्पल फटाउनुपर्ने अवस्थाको अन्त्य भइसकेको छ । प्रकाशनमा आएको यो युगान्तकारी परिवर्तनले छापा रूपलाई क्रमशः विस्थापन गर्दै गएको अवस्था देखिन्छ । कारण, छापा रूपको सर्वसुलभ अनुपलब्धता नै प्रमुख हो । समय र श्रमको उच्च लागत र उपलब्धताको सहज अप्राप्यता यसका लागि जिम्मेवार भएको देखा पर्छ । यसैले पनि छापा रूपको प्रकाशन अब विद्युतीय रूपमा रूपान्तरण हुँदै गएको वस्तुगत सत्य हो । छापा रूपले केवल पठनीयता मात्र उपलब्ध गराउँछ । विद्युतीय रूपमा पठनीयताका साथै दृश्य र श्रवणीयता सहज हुन्छ । यही कारण विज्ञान र प्रविधिको अत्याधुनिक उपलब्धिका रूपमा देखा परेको सूचना र प्रविधिले साहित्यको उपलब्धतालाई सहज, सरल र सर्वसुलभ बनाइदिएको छ । यो एउटा उल्लेख गर्नैपर्ने सफलता हो । यसलाई अरू क्षेत्रका साथै साहित्यिकले पनि सदुपयोग गर्नुपर्ने आवश्यकतामा वृद्धि हुँदो छ । प्रकाशनको यो नौलो र सुवर्ण अवसरलाई उपयोग मात्र गर्नेभन्दा पनि सही उपयोगमा जोड दिनुपर्ने दायित्व निर्वहण प्रमुख बन्दो छ । यसले गर्दा उपलब्ध प्रकाशनको अनुपम अवसरले सकारात्मक सन्देश प्रवाह गर्न सक्छ । यसका लागि सबैले आआफ्ना तहबाट प्रयत्नशील हुनु जरूरी देखा पर्छ । फलतः विज्ञान र प्रविधिको जिम्मेवार र उत्तरदायित्वपूर्ण उपयोग सार्थक र फलदायी सिद्ध हुन्छ ।

प्रधान सम्पादक

कविता

# बाटो र माटो

दिव्य गिरी



म त्यहीँ बाटो हिँडिरहेँ
जुन बाटो पुर्खाले हिँडेथे
म त्यहीँ माटोमा खेलिरहेँ
जुन माटोमा पुर्खाले खेलेथे
बाटो पनि जहाँको तहीँ छ
माटो पनि जहाँको तहीँ छ
बाटो बदलिएको छैन
माटो बदलिएको छैन
केवल म बदलिएको छु
मेरो सोच बदलिएको छ ।

पुर्खाले देशको निम्ति
रगत र पसिना बगाए
म त्यहीँ वीरको सन्तान
आज बिर्सेर पुर्खाको बाटो
आज बिर्सेर देशको माटो
म परदेशको बाटो हिँडिरहेछु
म परदेशको माटो रोजिरहेछु
अनगिन्ती सपना काखी च्यापेर
म परदेशमा रगतपसिना बगाइरहेछु
मेरो यो बाध्यता र विवशताका लागि
म आफै जिम्मेवार छैनँ
छातीमा हात राखेर भन्छु
म कदापि बेइमान होइनँ
यसको मुख्य कारक भनेकै
तिमी हौ, केवल तिमी हौ
जो आफूलाई
जनताका सरकार भन्छौ !

(dibyagiri54@gmail.com)

कविता

# म देश हूँ



**गणेश घिमिरे 'मार्मिक'**
**(भक्तपुर)**

बतास सिर्सिरे थियो म पात फर्फराउँथेँ
हिमाल मुस्कुराउँथ्यो म गीत गुन्गुनाउँथेँ
अरण्यभित्र कस्तुरी तिमी बनेर उफ्रँदा
उडेर वृक्ष वृक्षमा चरा म चिर्बिराउँथेँ ।

जमेर हीमझैँ सफा म पग्लिई नदी भएँ
र सिन्चिएँ जरा जरा वनस्पति म पन्पिएँ ।
पहाड कन्दरा सबै बनाउँदै हराभरा
म अन्नपात भै फलेँ पहाडका गरा गरा ।

म सूर्य भै चियाउँथेँ प्रकाश ली प्रभातमा
म नाच्दथेँ मयूरझैँ तराई फाँट फाँटमा
म कोइली रमाउँदै सुरम्य गीत गाउँछु
गुराँस फक्रिँदै नयाँ वसन्त भै फुलाउँछु ।

म फक्रिएँ स्वधर्म छन् जहाँ अनेक रंगमा
म सिंचिएँ सुकर्मले नयाँ नयाँ उमंगमा
स्वधर्म कर्ममा खुली विकास भै उदाउँछु
सुकीर्ति स्वाभिमानको म मस्तले फिँजाउँछु ।

जहान हूँ म वीरको म सिर्जना मुहान हूँ
लिएर तिर्सना नयाँ म झुल्किने बिहान हूँ
हिमाल मै पहाड मै, म फैलिँदो मधेस हूँ
अनेक जातको थलो समग्रमा म देश हूँ ।

ISI SIS ISI SIS ISI S
**ज र ज र ज गु = पञ्चचामर**

(ganeshmarmik@gmail.com)

कविता

# कहाँ गयो सुनमाया तिम्रो सुन ?



नन्दु उप्रेती
(इलाम, हाल : काठमाडौँ)

हउ ! गाउँमा ग'को त विरक्तै लाग्यो
अचम्म नि हउ अचम्म !
सुनमायाको नाकमा सुनको फुली छैन
बुलाकी छैन
कानको माडवारी छैन
ढुङ्ग्री, मुन्द्री क्यै छैन
छैन नि हउ त्यो चेप्टो चेप्टो चेप्टे सुन छैन
शिरमा लगाउने शिरफूल पुनि छैन
सुनमाया म तिम्रो उहिलेको साथी नि हउ
तिमीलाई त चिन्नै गाह्रो पो भो
कहाँ गयो हउ सुनमाया तिमीले लाउने गरेको सुन ?

पहिले पहिले सुनमायासँग
सुनजस्तै चहकिलो मुहार थियो
जोवानको त सुनबैँस नै थियो
थपक्कै सुनजस्तै मायालु बोली थियो
कहाँ गए ती ?
सुनमाया त रित्तै पो रै'छ हउ
सुनैसुनले धपक्कै बलेकी सुनजस्तै सुनमाया
अहिले नुन खा'को कुखुराजस्तो पो लाग्यो
हन ! खै कता गयो हउ सुनमाया
तिम्रो सुनैसुनजस्तो जिन्तकी ?

'नखोज हउ अहिले उहिले उहिले ला'को सुन
नखोज सुनजस्तो मेरो जिन्तकीको जून
घरको गार्जो टार्दाटार्दै
अलि अलि गयो
छोराछोरीको खार्चो भर्दाभर्दै

अलि अलि गयो
डाक्डरको फिस तिर्दातिर्दै
अलि अलि गयो
उक्किलको हिसाबकिताब बुझाउँदाबुझाउँदै
अलि अलि गयो
फेरि साहुको ब्याज चुकाउँदाचुकाउँदै
अलि अलि गयो
कैले आफ्नो इजेत छोप्दा गयो
कैले परिवारको बिजेत रोक्दा गयो
कैले समाजको मन बुझाउँदा गयो
सप्पै पो सकियो हउ
सुनको त कुरा नगर अब
ऐले त म तिमीभन्दा बुढी पो भएछु
कि क्या हउ कान्छा
घाँसदाउरा, घरबैँसी, मेलापात, हाटबजार
बुढाको पिरेम
छोराछोरी मोरामोरीको मया
गाउँघरको छायाँ
सबैले उठार लगिहालो नि हउ
सुनजस्तो त्यो जोवानलाई
अनुहार त ऐनामा यसो हेर्दा पनि कैले कैले
रातेखोलाको पाहाको सुकुटीजस्तै पो देख्छु
नजिस्काऊ है कान्छा ।'

सुनमायाको जवाफचैँ सुनजस्तै नि !
सुनमाया त आफै पो सुन भा'की रै'छ
इमान, जमान, इजेत र कर्मको सुन भएछौ
हउ सुनमाया तिमी त
सुनमाया ! सुनजस्तै मेरी साथी
तिमीलाई मनभित्रको सलाम
सुनमाया तिमीलाई तिमीजस्तै मयालु सलाम
तिमीलाई धेरै धेरै माया
सुनमाया तिमीलाई धेरै धेरै सम्झाना ।

(nandu2023ilam@gmail.com)

कविता

# फेरि लेख्ने मन छ 'गुलाबी रङको आकाश'



कुसुम गौतम
(टमु, म्यान्मा)

धान फल्ने खेतमा
चामलको अभाव देखिँदै छ यहाँ
बिराम लागेको छ
सङ्लो ऐरावतीको प्रवाहमा
खिल परेका छातीमा सन्तानका आलो रगतले
लत्पतिएका घाउहरू सुम्सुम्याउँदै
असहाय एक अबला नारीझैँ
शोकाकुल छिन् धर्ती ।

कहाँ स्वच्छ छ र आकाश पनि
हाम्रो छानामाथि
सधैँ सधैँ मुस्कुराइरहने
शान्तिप्रिय जूनताराहरू
सभ्यता डग्मगाइरहेको आकाशबाट
सधैँ सधैँका लागि अन्तै कता
बसाइँ सरिसकेका हुन् त !!!
तर... कसले दिन सक्ला र
यी प्रश्नहरूका उत्तर !!!
घुमिरहेको समयचक्रले
एउटा अन्तिम निर्णय नलिएसम्म
उज्यालिने छैनन् हाम्रा छानाहरू ।

कालो धुवाँको मुस्लोबाहेक
अन्तरिक्षमा अन्य रङको
आगमन निषेध छ
किनकि रङ नै रङको
दुस्मन बनिरहेका छन् ।
खै अब कसरी लेखौँ

'गुलाबी रङको आकाश'का अवशेष कथाहरू ।

यहाँ त केवल
आँसुमा कलेटी परेका गालाहरू छन्
तिर्खाले सुकेर चिरिएका ओठहरू छन्
भोकले चाउरी परेका पेटहरू छन्
चप्पलबिनाका कलिला पाउका व्यथा छन्
परिवारसँग बिछोडिएका
युवाहरूका कथा छन्
वृद्ध अभिभावकका अधुरा सपनाहरू छन् ...र
छन् त केवल डढेलोमा होमिएका
भग्नावशेषका कुरूप दृश्यहरू
युद्धका पाइलामुनि
अस्तित्व मेटिएका
पाठशालाहरू छन्
मन्दिरहरू छन्
विहारहरू छन्
गिर्जाघरहरू छन् ...र
छन् त केवल आस्थाहीन मनहरू ।

अब त कलमबाट मसी हैन
रगतका छिटाहरू उछिटिन थालेका छन्
शब्द शब्दमा अलङ्कार हैन
वेदनाका चित्कारहरू
मुरमुराउन थालेका छन्
अँधेरो समयको उपस्थितिमा
कहिले अन्त होला
क्रूरताको यो नग्न इतिहास !

र... फेरि
कहिले लेख्न पाइएला
'गुलाबी रङको आकाश'का अवशेष कथाहरू ।

# म आफ्नै घरभित्रको सी क्लासको राणाजी



बालचन्द्र मिश्र

थाहा छैन, हिजोकी ब्याइते मेरी आमा
कसरी जातकट्टा भएर ल्याइतेमा झारिनुभयो ?
र म स्वतः मठ्याहामा झर्न पुगेँ !

थाहा छैन समयले के बनाउँदै छ मलाई ?
मथिङ्गलमै तेस्रो विश्वयुद्ध सुरु गराएर
आफ्नै घार ध्वस्त पार्न बारूद बोक्ने
सुवर्णशमशेर पो बनाउँछ कि मलाई !
वा कालीगण्डकीको शालिग्राम नियालेर बस्ने
पाल्पा रानीमहलको
सन्यासी खड्गशमशेर पो बनाउँछ कि !
थाहा छैन समयले के बनाउँछ मलाई ?
म आफ्नै घरभित्र
सी क्लासको राणाजीमा घटुवा गराइएको माहुरी ।

जन्मँदा म उपल्लो जातको कीट थिएँ
अघिल्लो जन्ममा धर्म नगरेबापत
नारकीय जीवन बिताएका
कथित निम्न जातीय कीटहरूलाई
गरूडपुराण सुनाउने
र तिनीहरूकै हातबाट
खुट्टामा घिउ घसाउने,
तिनीहरूका अभागी पुर्पुरोलाई
आफ्नो पाउमा घोप्ट्याउन लगाउने ।

अनि
चार दशकअघि,
अचानक भेटिएका

केही जुनकिरी निशाचरहरूले
उनै मार्क्सले सिफारिस गरेअनुसारका
रूसी, चिनिया र भियतनामी
कोरियाली, भेनेजुयाली र बोलेभियाली
मोडेल पछ्याउँदै
नयाँ घर बनाउनुपर्छ भने
दाम्लो चुँडाल्नुपर्छ
मुक्त आकाशमा उड्नलाई
नारायणहिटे बादशाह र बिल गेट्सको
दरबार ढाल्नलाई
दाम्लोको बन्दीबाट मुक्त नभई सकिँदैन,
सक्दै सकिँदैन साथी हो...
यस्तै के के सुनाए,
यस्तै के के घोकाए ।
जेललाई पानी पधेँरो र नेललाई
गहना बनाउन नआँटे
गरिबदुःखीको दिन ल्याउन सकिँदैन भने,
निजी सम्पत्ति र जहान छोराछोरीको
स्वार्थभन्दा माथि उठ्न नसके
पशुपन्छी र मानव जुनीमा
हुँदैन फरक भनेर
उक्साए, सम्झाए, फकाए, बुझाए
झोले जिन्दगीका लागि अभ्यस्त बनाए
र चारपाँच वर्षको परीक्षणकाल गुजारियो
दाम्लो चुडालियो,
निशाचर जिन्दगीमा बानी पारियो ।

पात्रोमा छयालिसौँ वसन्त झुल्कियो
ढाडे भमरो
निर्दलीय पहरोलाई कुइनाले ढालियो
अरू छोटे घरमालिकको
वैचारिक उछितो काढ्न थालियो
र, त्यहीँ पण्डित्याइँमा विद्यावारिधि झारियो
दर्शन र आचरण सिकाउने

कामरेडी रानोको ठेक्का हात पारियो ।
अलि वर्ष त्यसरी नै गुजारियो
सडकको जिन्दावाद र कोठे गुरूबा
कर्मलाई हल गोरु बनाएर नार्दानार्दै
भाइमाराको प्रतिगमन ध्वस्त पारियो
श्रीपेचमुक्त र सच्चिएको जङ्गलयुक्त
डाँडाभाटा जोडेको नयाँ घरमा बास सारियो ।

तर,
तर दुई दशक बित्न नपाउँदै
आज म
मुटुभरि भक्कानो र मथिङ्गलभरि
बारूद खाँदेर
आफ्नै घारभित्र सी क्लासको राणाजी
बनाइएको पत्तो नपाएर
आज आफैभित्र हराएको
रानो खोज्दै भौँतारिइरहेको छु ।

घडीको टिकटिक रोकिन मान्दैन
तुर्तुरे खोल्सी अडिन जान्दैन
सधैँ फेरिरहेको श्वास झन् रोकिन मान्दैन
सत्यले भन्छ,
थुनिएको कुरामै शक्ति हुँदोरहेछ,
रोकावटले **सिनर्जी** शक्तिको रूप लिने रहेछ
थाहा छैन समयले भोलि के बनाउँदै छ मलाई ?
दोस्रो विश्वयुद्ध सुरु गराएर आफ्नै मथिङ्गलमा
सुवर्णशमशेरको मखुन्डोमा सजिएर
आफ्नै घारभित्र बन्दुक सोझ्याउन लगाउँछ कि !
वा पाल्पाली रानीमहलको सन्यासी पो बनाउँछ कि !
थाहा छैन,
समयले के बनाउँछ ?
म आफ्नै घारभित्र
सी क्लासको राणाजी बनाइएको माहुरी ।

(mail.balchandramishra@gmail.com)

व्यङ्ग्य कविता

# चौकी तिमी कति महान्



**अजम प्रधान**
**(मरिक, दार्जिलिङ, भारत)**

चौकी तिमी कति महान्
तिम्रै निम्ति बाल्यकालदेखि नै किताब पनि पढाउँछौ
भाइ भाइमा फुट गराई एकआपसमा लडाइँ गराउँछौ
एकत्रित भई बसेको जातिलाई टुक्रा टुक्रा बनाउँछौ
एकाअर्कामा नकारात्मक सोचको प्रादुर्भाव गराउँछौ ।

चौकी तिमी कति महान्
तिम्रो आशीर्वाद पाए रङ्क पनि राजा बन्छ
तिम्रो प्रभावले कट्टर शत्रु परम मित्र बन्छ
तिम्रो तथास्तुले तुच्छ भनिने पनि उच्च बन्छ
तिम्रो कोल्टपनले योग्य पनि अयोग्य बन्छ ।

चौकी तिमी कति महान्
तिम्रो चाहनामा कतिले जीवनै निछावर गर्छ
तिम्रै आशीर्वादले कतिले आफ्नो पेट भर्छ
तिम्रो शक्तिले कसैले प्रतिवादको गला घोट्छ
तिम्रो आशीर्वाद पाउन कतिले दुई हात जोड्छ ।

चौकी तिमी कति महान्
चौकी तिम्रो लालचमा कसैले बाबु पनि मार्छ
तिम्रो मोहनी लागेपछि मान्छेको मानवता मर्छ
चौकी तिम्रो चाहतमा मान्छे पशुसरह बन्छ
तिम्रो आसन पाएपछि पाखण्डी पनि बन्छ ।

चौकी तिमी कति महान्
तिम्रो आसन पाउन मान्छे यहाँ के के गर्दैन
आफ्नै दाजुभाइलाई उसले आफ्नो भन्दैन
आत्मस्वाभिमान बेच्न अलिकति पछि पर्दैन
चौकी नपाएसम्म
उसको चाहतको भोक कहिल्यै मेटिँदैन ।

चौकी तिमी कति महान्
चौकीको लालचमा मान्छेले यहाँ अझ के के गर्छ
आफ्नो मात्रै होइन उसले आफन्तको ढुकुटी भर्छ
भेटेजति सारा सम्पत्ति आफ्नो ढुकुटीमा भर्छ
आसेपासेलाई अलि अलि गर्दै चारो छर्छ ।

चौकी तिमी कति महान्
चौकी पाएपछि मान्छेले नसोचेको कार्य गर्छ
जातिको अस्तित्व सङ्कटमा पारी आफ्नो पेट भर्छ
भावी सन्तानको भविष्यसँग उसले खेलबाड गर्छ
अन्तमा त्यस्तो मान्छेको जीवन नर्कसरि बन्छ ।
चौकी तिमी कति महान् !
चौकी तिमी कति महान् !!
चौकी तिमी कति महान् !!!

(ajam.mirik@gmail.com)

गजल

# गजल



युगल सुनुवार

हरेक कुराको समय आउँछ
जहाँ जिन्दगीको लय आउँछ ।

दुःख पाएँ भनेर दुःखी नहुनू
एकदिन पक्कै सुखमय आउँछ ।

तिमी कलम लिएर लडी राख
तिमीलाई खोज्दै विजय आउँछ ।

बाह्र वर्षपछि खोला फर्किए
जिन्दगीमा खुसीको उदय आउँछ ।

(yugalsunuwar9@gmail.com)

अनुवाद कविता

# के गरूँ



सपना चन्द्रा
(भागलपुर, बिहार, भारत)

सुनेका, सुनाइएका कुराहरू
सधैँजसो सत्य हुँदैनन्
कतै अड्किएको मन प्रश्न उठाउँछ
म मेरो तर्कको अगाडि
टिक्न सक्दिनँ, जित्न सक्दिनँ
र म हार स्वीकार गर्छु सधैँ जसरी !

भिड जुन दिशामा जाँदै छ
म पनि जानुपर्ने छ
यसको आधार के हो
कोही बताउँदैनन्
आखिर किन गइँदै छ
यो उत्तर खोज्नु गलत पनि त होइन ।

यही सोचाइले मलाई एक्लो बनाउँछ
हर कोही यसलाई बुझ्न सक्दैनन्
न कसैले बुझाउँछ नै
सबैका आँखामा जो धारणा बनिसकेको छ
त्यसलाई म के गरूँ ?

मलाई तथ्यहीन कुराहरूमा
कहिल्यै रुचि भएन
किनकि यसले व्यर्थ बोझ बढाउँछ
यसलाई कम गर्न अत्यन्त जरूरी छ

होइन भने, बिनाकारण उब्जने डर
रूढिवादी विचार
पुस्ता दरपुस्ता बोकिरहन बाध्य हुने छन् ।

(हिन्दीबाट अनुवाद : उमा तिम्सिना)

# ऊ.ऊ.को ?



**माणिकरत्न शाक्य**
**(चाबहिल, सरस्वतीनगर, काठमाडौँ)**

कुमार काठमाडौँका रैथाने हो । ऊ एउटा प्रतिष्ठित संस्थामा काम गर्छ । सानैमा बिहे भएर नातिनातिनाका अनुहार पनि बेलैमा देखिसकेका छ ।

एकदिन कुमारको सरुवा आँबुखैरेनी बैङ्कमा हुन्छ । कुमारलाई खजान्चीका रूपमा त्यहाँ पठाइन्छ । त्यस कार्यालयका कर्मचारीले कुमारका निम्ति कोठा खोजी दिएर सबै वन्दोबस्त गरिदिन्छन् । परिवार छाडेर कहिल्यै टाढा नबसेको कुमार प्रत्येक रात यसरी मनमा अनेकौँ कुरा खेलाएर एक्लै भुट्भुटिन्छ । कति बेला सुत्छ पत्तै हुँदैन । दिनभरि कार्यालयको काम गऱ्यो, फर्क्यो, बेलुका मनमा कुरा खेलायो बस् ! यसरी नै दिनहरू बितिरहेका थिए । नियमितको यहीँ कर्मले कुमारलाई होमसिक बनाउँछ । उसले गर्ने के सक्थ्यो र ! अर्काको गाउँमा आइया छ भनेर चित्त बुझाउँथ्यो ।

रहँदैबस्दै गर्दा त्यहीँ घरको पल्लो कोठाकी रमितासँग परिचय हुन्छ । सधैँको देखभेटसँगै कुमारको बेलुकाको बासै रमिताकहाँ हुन थाल्छ । रमिता छोराकी आमा हो । छोरा र श्रीमतीको खुसीका लागि रमिताका श्रीमान् सुकबहादुर बिदेसिएको ५ वर्ष भइसकेको थियो ।

गाउँकी रमिता बैङ्कको खजान्ची कुमारसँग बसेर कुराकानी गर्न थालेपछि सबै कुरा बिर्सन थाल्छे । उसैलाई पति परमेश्वरका रूपमा देख्छे । उसले अनेकौँ सपनाको कल्पना गर्छे । होटेलमा खाना खाइरहेका कुमार त्यहाँ छाडेर रमिताकै कोठामा खाने गर्छ । हो न हो यिनीहरू लोग्नेस्वास्नी जस्तै गरी बस्न लागे । कोठा मात्र फरक । कुमारले रमितालाई पूरै आफ्नो बनाइसक्छ । कुनै हालतमा यिनीहरू छुट्टिएर बस्नै नसक्ने अवस्थामा पुगिसकेका छन् । बाँकी रह्यो रमिताको छोरो, ऊ पनि कुमारलाई अङ्कल भन्दै पछ्याइरहन्छ । यो अवस्था सिर्जना भइसकेपछि बेलुका छोरो निदाएपछि उनीहरू एउटै ओछ्यानमा सुत्दै माया साटासाट गरिरहन्छन् ।

रमिताको मायाले गर्दा कुमारले घरकी श्रीमतीलाई समेत भुलिसकेको छ भने रमिताले विदेशमा रहेका श्रीमान्लाई । एकचित्त एकमन गरेर यिनीहरू एक भइसकेका छन् ।

सुकबहादुरले रमितालाई विदेशबाट फोन गर्दै भन्छ, 'मैले तिम्रो खातामा पैसा हालिदिएको छु । ४५ डिग्रीको तातो गर्मीमा काम गरेर कमाएको पैसा हो यो । घरखर्च चलाएर बाँकी पैसा जोहो गर्नू । म फर्केपछि हाम्रो एउटा छुट्टै संसार हुन्छ । त्यही संसारका लागि म यहाँ दुःख गरिरहेको छु । म के भनौँ ! तिमीले आफै बुझेकी छौ क्यारे ! मैले के भन्नुपर्छ र !' सुकबहादुरलाई सान्त्वना दिँदै रमिताले भन्छे, 'हजुरले घरको चिन्तै लिनुपर्दैन, सबै व्यवस्था म मिलाइहाल्छु नि । बरु हजुरले स्वास्थ्यको ख्याल राख्नुहोला ।' यसो भनेर चाउरे पिरतीको भाषामा चेपारे पार्छे । हो न हो बुढीले मलाई साह्रै माया गर्छे भनेर मनमा लिई ड्युटी जाने बेला भयो है भन्दै फोन राख्छ । त्यसबेला रमिता र कुमार पूरै मुडमा जिस्किरेहका हुन्छन् । कुमार रमितासँगको प्रेममा चुर्लुम्म डुब्न थालेपछि उसले काठमाडौँको घरपरिवारलाई नै

बिर्सिन्छ । मात्र रमिता र उसको छोरो मात्र देख्छ । आँबुखैरेनीमा गएको लोग्नेले एकपटक पनि फोन गर्दैन, गएको त्यत्रो वर्ष भइसक्यो के भो ? कसो भो भनेर बुझ्न कुमारकी बुढी काठमाडौँबाट त्यहाँ पुग्छिन् । कुमार रमितासँग लिप्त हुँदै गरेको अवस्थामा त्यहाँ पुग्छे । रङ्गेहात पक्रिन्छे । 'मचाहिँ लोग्ने लोग्ने भनेर बस्ने, तपाईंचाहिँ यहाँ यस्तो हर्कत गर्ने' भन्दै लोग्नेसँग झगडा गर्न थाल्छे । लोग्ने घोसेमुन्टो लाएर चुप लागेर बस्छ, केही बोल्दैन । कुमारकी बुढी रिसले मुर्मुरिँदै चिच्याएको सुनेर वरपरका छिमेकी के भो के भो भन्दै जम्मा हुन्छन् । खजान्चीको करतुत सबैले थाहा पाउँछन् । नातिनातिना भइसकेका हजुरबाउको ताल भने यस्तो छ ! तपाईंलाई स्वास्नी नै चाहिएको भए मलाई बोलाएको भए भइहाल्थ्यो, के म मर्‍या थिएँ र ? आजका दिनदेखि तपाईंको बाटो अलग, मेरो बाटो अलग ! भनेर भुतभुताउँदै कुमारकी बुढी काठमाडौँतिर लाग्छे ।

'सुकबहादुरकी स्वास्नी त क्यासियरसँग पो सल्केकी रहिछ' भन्दै घटना एक कान दुई कान मैदान भएर गाउँभरि फैलिन्छ । गाइँगुइँ बढी नै भएपछि कुमार त्यहाँ बस्न सक्दैन, अप्ठयारो हुन्छ । उसले सरुवा माग्छ । लमजुङको बेँसीसहरमा उसको सरुवा हुन्छ । त्यहाँ केही समय बसेपश्चात् आँबुखैरेनीमै सरुवा मिलाएर आउँछ । उसले निकै कष्टसाथ जीवन गुजारेको हुन्छ त्यहाँ ।

कुमार पहिलेको जस्तै गरी रमितासँग बस्न थाल्छ । सुकबहादुरले पठाएको पैसामा मोज पनि, भोज पनि दुवै गर्न थाल्छ । एक पैसा जोगाउँदैन । खायो, पियो र मोजमस्तीमै उडायो । अचानक एकदिन लोग्ने घर आउँदा कोठामा आफ्नी श्रीमतीसँग पुरुष बसिरहेको, श्रीमतीको सिउँदो पूरै रातै भएको दृश्य देख्छ । सुकबहादुरले श्रीमतीलाई ऊ... ऊ... को भनेर सोध्दै गर्दा त्यहीबेला हृदयाघात भई ढल्छ । उसको त्यही निधन हुन्छ ।

अहिले रमिता, उसको छोरो र कुमार एकै परिवार भएर जीवन यापन गरिरहेका छन् । यो घटनापश्चात् श्रीमती र छोरो स्विकारेर आनन्दपूर्वक जीवनयापन गर्दै छ ।

(anjaan143@gmail.com)

कविता

# टुक्का कविता

गम्भीर दुवाडी
(गजुरी ५, धादिङ)

१. अचम्मित छु प्रेम दिवस देखेर
के पाउने हो खै इतिहास मेटेर ।

२. प्रेमिल जोडी हेर एकअर्कामा रमाए
सुन्दर गुलाफको मुन्टो परक्कै समाए ।

३. निर्मोहीहरू छेवैमा सुटुक्क आए
तिखा शब्दका वाणले यो मुटु खाए ।

४. मनमोहक हिमाल देख्दा खुसी लाग्छ
भित्रका सबै कसिङ्गर उडेर भाग्छ ।

कथा

# झम्माने



विशाल बस्नेत

बर्सौंपछि म थिएँ तेह्रघरेनजिकैको चौतारोमा । पसिना पुछेर झोला बिसाएँ । गन्ने हो भने त्यहाँ सय घर पुगिसकेका थिए । नाम भने तेह्रघरे नै थियो । नामको विशेषता नै हो यसले इतिहास बताइरहेको हुन्छ भलै रूप फेरिइसकेको किन नहोस् । हामी सानो छँदा पनि त्यहाँ पन्ध्र घर थिए, गन्दा जता तेह्रमा टुङ्गियो 'यति मात्रै तेह्रघरे हो' भनी अर्थ्याउँथ्यौँ ।

चौतारो उही थियो जहाँ हामी गट्टा खेल्थ्यौँ, स्कुल जाँदा झोला बिसाउँथ्यौँ र फर्कंदा हलुवावेद वा काफल खाँदै बस्थ्यौँ । चौतारोमुन्तिर भिरालो पाखो । सिरानमा थिए पाँच घर लहरै । तेह्रघरे टोल यहीँबाट सुरु हुन्थ्यो । घरहरू आज पनि उस्तै थिए, कमेरो र रातोमाटो लिपिएका, खरको छानो, कौसीभरि लामबद्ध राखिने फर्सीका ताँती, भकारो, घरको घाँटीमा फन्को मारेका वनमालाका पात र फूलसहितको बाबियोको डोरी, घरअगाडि चारकोठे मकैको थाङ्ग्रो अनि घरवरिपरि फुल्ने विभिन्न जातका फूल । खोला र जङ्गलहरू उस्तै थिए । अहिले पनि घरको रूपरङ उही थियो ।

फरक के थियो भने गाउँमा विकास पुगेको थियो । यो विकासको नाम थियो धुलाम्मे मोटर बाटो । यसका लागि डोजरले भत्काएका परका पाखाहरू भयानक देखिन्थे । बर्सातमा त्यहीँबाट भेल र पहिरो आएर धस्काएर बिरूप पारेका दृश्यहरू जतासुकै थिए । जताततै प्लास्टिकका झोला छरिएका थिए । केही विकास हरेक घरका छतमा ठड्याइएका एन्टेनाका रूपमा थिए । केही थिए घरनजिकै उभिएका काठैका खम्बा र काँगियोमा गुजुल्टिएका कपालजस्ता तारहरू । म स्मृतिको बगैँचामा फूलहरू टिप्दै थिएँ । बैसाखी टेक्दै एक जना वृद्ध मान्छे मैतिर आए । उनलाई ठाउँ दिन म केही सरेँ ।

'कति बज्यो भाइ ?' उनले सोधे ।

मैले समय बताइदिएँ । उनलाई समयको काम थिएन । सायद गफिन खोजेका थिए । मैले वास्ता नगरेपछि उनी जुरुक्क उठेर बैसाखी च्याप्दै खुट्टा खोच्याउँदै बाटो लागे ।

मैले झट्ट सम्झेँ, सवापति माटीघरे । घोडाको घन्टी बजेको सुनेर हामी दौडँदै हेर्न जान्थ्यौँ तर नजिक पर्न थालेपछि भाग्थ्यौँ । त्यो कालो अग्लो घोडा थियो गाउँभरिकै अनौठो जनावर । गाईभैँसी, कुकुरबिराला र आक्कलझुक्कल स्यालसम्म देखेका हुन्थ्यौँ हामीले । घोडा हिनहिनाएको रमाइलो लाग्थ्यो हामीलाई । उमेर छिप्पिसकेपछि पनि मलाई यो जनावर अर्कै ग्रहको प्राणीजस्तो लाग्थ्यो । उसो त सवापतिको नामकै बारे पनि किस्सा थियो । खासमा उनी सभापति थिए । पञ्चायत कालमा । उठ्न त कतिपटक उठे कुन्नि । तर जम्मा एकपटक सभापति भएका रहेछन् । यति भएपछि उनको नाउँ सवापति भइहाल्यो । सधैँका लागि 'सवापति' कहलिए । गाउँका सुब्बा, कुइसाङ र काजीको इतिहास हेर्दा उनका छोरा, नाति र पनातिलाई पनि 'सवापति' भनिने लगभग निश्चित नै थियो । अब आयो कुरा उनको घरको । उनको घरलाई माटीघर भनिन्थ्यो । घर खासमा इँटाको थियो । त्यसबेला गाउँभरि सबैको

घर ढुङ्गाको हुन्थ्यो । लस्साइलो माटोले ढुङ्गाहरू जोडिएका हुन्थे । उनको घर भने इँटा अर्थात् पकाइएको माटोको भएकोले 'माटीघर' । गाउँमा मान्छेको जस्तै घरको पनि नाम हुन्छ । मेरो मावलीघरको नाउँ थियो 'जोरनाले घर' । मेरो साथीको घरको नाम थियो 'खोल्साघर', खोल्साको छेवैमा भएकोले । 'सिरानघर', 'गोलघर', 'काठेघर' आदि अनेक नाम हुन्थे घरका । मैले बैसाखी देख्दा सवापति माटीघरेलाई सम्भनुको कारण थियो, मैले उनैलाई पहिलोपल्ट देखेको थिएँ बैसाखीमा । उनी घोडाबाट लडेको हल्ला आएको थियो र केही दिनमा बैसाखीमा देखिएका थिए । पहिलोचोटि बैसाखी देखेको हो मैले त्यो बेला ।

युद्धकालभरि म बिदेसिएँ तर खबरहरूबाट टाढा रहिनँ । खबरकागजले देशको दारूण अवस्था देखाउँथे र यस्तै एउटा दृश्य थियो- बैसाखी टेकेर लामबद्ध भएका थुप्रै मान्छे कुनै राहत वा निसाफघरको आँगनमा । बैसाखी टेकेको मान्छे डाँडाको घुम्ती पुगेर ओभेल नपरून्जेल मैले युद्धकालमा ज्यान गुमाएका र अङ्गभङ्ग भएका जनहरूलाई सम्भिएछु । भनौँ न एकखालको मौन धारण गरेछु त्यो कालो समयको यादमा ।

'ए ए हार्दिक दाइ होइन ?' भल्याँस्स भएँ म विगतबाट । दयाराम गुरूको दुरूस्तै अनुहार भएको भाइले बोलायो ।

'तिमी दयाराम सरको छोरा हौ ?' मैले फ्याट्ट सोधेँ ।

'दाइ बाहिर जाने बेलामा म त पाँचमा थिएँ होला । हामीसँग दाइको घुलमिल नै नभएको ।' ऊ मुस्कुरायो । लघु परिचयपछि मैले सोधेँ, 'भाइ त्यो अघि बैसाखी टेकेर जाने को हो ?'

'आच्या दाइ पनि । भम्माने ठुलोबा नि । तपाईंहरू त सँगै पढेको पो त ।'

मेरो मनमा कुतकुती जाग्यो । त्यो विगतको फ्ल्यासब्याक आयो कुनै सिनेमाजसरी ।

श्रीमान् गम्भीरे खोल्साघरे फट्याङ्ग्रे लामघिच्चे शीतले । कक्षामा हामी यसरी गाउँथ्यौँ किनभने भम्मानेले गाना परिवर्तन गरेको थियो । कक्षाको पहिलो लहरमा श्रीमानसिंह त्यसपछि गम्भीरमान अनि खोल्साघरेको छोरो बस्थे । बस्थे भन्दा पनि भम्मानेले उनीहरूलाई त्यसरी बसाएको थियो । अनि कक्षाको सबैभन्दा अग्लो केटो बस्थ्यो । ऊ हिँड्दा पाइला लामो लामो हुने भएकोले भम्मानेले 'फट्याङ्ग्रे' नाम राखिदिएको थियो । अनि शीतलबहादुर बसाइएको हुन्थ्यो । त्यसपछि केटीहरू बस्थे । त्यसो त ऊ स्वयम्को खास नाम भम्मानजङ्ग थियो । यस्तो अनौठो नाम किन राखियो कसैलाई वास्ता थिएन त्यसबेला । ऊ भम्माने कहलिन्थ्यो । उसबेला मैले आफ्नै नामको अर्थ पनि त बुझेको थिइनँ । विदेश बसाइमा अरूले मेरो नाम अङ्ग्रेजीमा बोलाउँदा भने मलाई बेस्मारी रिस उठ्थ्यो ।

भम्माने पढाइमा वास्ता गर्दैनथ्यो । कक्षामा शिक्षकशिक्षिका पस्दा 'गुक्क्ड मर्डिङ सर' भनी उठ्ने गर्थ्यौं हामी ।' 'सिट डाउन' भनेपछि बस्दा कोही न कोही अभागी हुन्थ्यो जसको पछाडि भम्मानेले कलम ठाडो पारिसकेको हुन्थ्यो र त्यसको पीडादायी घोचाइ प्रायःजसो सबैले एक एकपटक अनुभव गरिसकेका थिए । कहिलेचाहिँ बस्ने बेन्ची नै तानेर अगाडिका सबैलाई गर्ल्याम्म लडाइदिन्थ्यो ऊ । केटीको पछाडि बसेको छ भने कागज गाँसेर लामो पारेको पुच्छर जोडिदिन्थ्यो अथवा एउटी केटीको चुल्ठो अर्कीको सँग गाँसिदिन्थ्यो । चार बजे छुट्टीमा घर फर्कंदा कसैको भोलामा उसले २-४ ओटा ढुङ्गा राखिदिएको हुन्थ्यो । शिक्षकका अनेकौँ नाम राख्ने गर्थ्यो ।

वर्षभरि यसरी पढ्थ्यो ऊ । त्यसैले धेरै साल एउटै कक्षा रून्गेर बस्नु स्वाभाविक थियो ।

जाँचमा गोजीभरि चिट बोकेर आउँथ्यो । चिट पनि आफू कहाँ बनाउँथ्यो र ? हामीमध्ये कसैले बनाइदिनुपर्थ्यो । कारणवश भ्याइएन अथवा उसैलाई अल्छी लाग्यो भने पाइन्टको गोजीमा भ्वाङ पारेर आउँथ्यो । भित्री कट्टु लगाएकै हुन्नथ्यो । ऊ चिट छ कि जसरी बटारिन्थ्यो । निरीक्षण गर्न आउने शिक्षकशिक्षिका अब भेटियो भनेर मक्ख पर्थे । उसलाई उठाउँथे । अनि प्यान्टको गोजीमा हात घुसार्थे । आफै लज्जित भएर लुसुक्क भाग्थे । ऊ पढाइमा भन्दा फट्याइँमा दिमाग चलाउँथ्यो । सबैले उसलाई हरामी भन्थे ।

केही साथीमाझ ऊ प्रिय पनि थियो । त्यसमा म पनि थिएँ । घरबाट हलुवावेद ल्याएर मलाई धेरै दिन्थ्यो । मैले हलुवावेदको पहिलो स्वाद थाहा पाएकै उसैको घरको हो । काफल, ऐँसेलु र मल्लिडोको याममा रूखको टुप्पोमा पुग्ने ऊ नै हुन्थ्यो । झोलाभरि थाप्ने म हुन्थेँ । सिन्कौलीका जरा माटोसँगै ल्याउँथ्यो । हामी नधोई खान्थ्यौँ । बाँसको हाँगोको ढुङ्ग्रो र काठे लौरो ल्याउँथ्यो । त्यो हाम्रो बन्दुक हुन्थ्यो । ढुङ्ग्रोमा असारेका दाना कोचेर लौरोले पेल्दा बन्दुक पड्काएको आनन्द आउँथ्यो । कक्षामा ताकी ताकी हान्थ्यौँ हामी असारे दानाले । विशेष गरी केटीहरूलाई ।

माथिपट्टि चाक अँट्ने र खुट्टा अड्याउन मिल्ने अनि अर्कोतिर रन्दा लगाएर चिप्लो पारिएका काठका तख्ताहरू बनाउँथ्यो ऊ र मन मिल्ने साथीलाई बाँड्थ्यो । भिरालो पाखोको सिरानमा पुगेर त्यसै काठमाथि हामी टुसुक्क बस्थ्यौँ । अगाडि खुट्टा अड्याइन्थ्यो । ओरालोमा सुलुलु चिप्लिन्थ्यो त्यो काठ हामीलाई बोकेर । यस्तो लाग्छ, विदेशमा ट्रेन चढेको भन्दा पनि बिछट्ट मज्जा आउँथ्यो त्यसमा ।

ऊ त्यही मेरो साथी झम्माने हो भन्दा मलाई पत्यार लागेन । एक किसिमले मन भारी भयो । कता कता नमिठो लाग्यो । सोचेँ, त्यो कहालीलाग्दो समयको सिकार भयो मेरो साथी । त्यो कालो समयले घाइते बनायो उसलाई । त्यही उच्चाटलाग्दो भोगाइको सहभागी भयो ऊ । मेरो मनमा विदेश बस्दा खल्लो मन पारिदिने समाचारले भरिएका तिनै खबरकागजको झल्का आयो । दयारामको छोरोलाई यही कुरा सोधेँ । उसले भन्यो, 'ह्या दाइ, लडाइँमा होइन । कहानी लामो छ । बरु आज हाम्रैमा जाऔँ अनि म भनुँला ।'

हिँड्दै तेह्रघरे पुगियो । उहिले कहिल्यै चासो नभएको कुरा सोधेँ, 'अब त सयघरे भन्नुपर्ने भइसकेछ त तिम्रो टोल । अब नि केको तेह्रघरे ?'

'काँ दाइ कुरो अर्कै रहेछ । परार साल दसैँमा पो थाहा पाएँ मैले नि । सिक्किमतिरबाट हाम्रा बाजे आएका थिए । खासमा हाम्रा खै कति पुस्ता परका जिजुले तेह्र जना जिजुआमा ल्याएकामा कान्छीलाई चैँ यहीँ घर बनाएर राखेका रहेछन् । उनको नाम तेह्रघरे भएकोले पछि टोलकै नाम तेह्रघरे भएछ ।' ऊ गलल्ल हाँस्यो मसँगै ।

'उसो भए जिजुबाको खनाति त तेइसघरे होला नि ?' मैले जिस्क्याएँ ।

'बरु दाइ विदेश बसेर पचासघरे होला । तपाईंको टोलको नयाँ नाम प्रस्ताव गर्नुपर्ला यसपालि गाउँपालिकामा ।' ऊ झन् के कम ?

'पचास त नहोला हौ भाइ ।' मैले भनेँ ।

'पचास नभए उनन्चास त पक्कै !' तेह्रघरेमध्येकै उसको घरमा पस्दै उसले भन्यो ।

'अरू कुरा छाड । अब झम्मानेको कुरा भन ।' पिर्कामा बस्दै मैले भनेँ ।

पढाइ त यस्तै भयो लिसिङफिसिङ । उमेर छिप्पियो । झम्मानेले आफूभन्दा पाँच वर्ष कान्छी

केटी ल्यायो । एउटा छोरो जन्मियो, तिन्टी छोरी । छोरो हुर्कियो । घरव्यवहार उसकै काँधमा । गाउँभरि युद्धको त्रास । कि सरकारका आउँछन् पाता कस्छन् कि 'विद्रोही' आउँछन् सँगै जाऔँ भन्छन् । भम्मानेको एउटै छोरो हानियो विदेश । कुन देश भन्ने थाहा भएन । दलालको शरणमा पऱ्यो । विदेश नै गयो कि गएन भन्ने पनि थाहा भएन किनभने एकै पैसा पठाएन । ऊ हरायो । न सास न लास भयो । बेखबर भयो । उतै भासिएको लख काटियो । केही यसै गरी भासिएका थिए तर कम्तीमा खबर आउँथ्यो तिनीहरूको । भम्माने दम्पतीले यताउता खोजे पनि । धाउन सकिने ठाउँ धाए पनि । कुनै लछारपाटो लागेन । कहीँबाट खबर मिलेन । विक्षिप्त भएर रोएर बसे । अनेक भाकल गरे । आमा र दिदीबहिनी रोई बसे । भम्माने भने दिउँसैदेखि रक्सीमा टिल्ल । एक किसिमले होस हराएको मान्छे भयो ।

छोरो बेखबर भएको यस्तै पाँच या सात वर्ष भएको हुँदो हो । एक्कासि एउटा उपहार आयो उनको घरमा । कडा खालको कागजले बेरेर पठाइएको थियो । भम्मानजङ्ग बस्नेत भनी नाम उल्लिखित थियो बाक्ला भङ्गेरेटाउके अक्षरमा तर पठाउनेको नाम थिएन ।

उपहार खोल्न घरका मात्र होइन नजिकका छिमेकी पनि भेला भए । सबै छक्क परे । खोल्दै जाँदा निस्किए एक जोडी बैसाखी । चमचमाउँदो धातुले बनेका, हेर्दै बलिया, रातो रङका । यो अनौठो घटना भयो तेह्रघरेमा । न त घरमा न गाउँमा नै कसैलाई बैसाखी टेक्नुपर्ने खुट्टाको समस्या थियो । किन पठायो ? कसले पठायो ? कहाँबाट पठायो ? केही भेउ पाउन सकिएन । अलि अलि जान्नेबुझ्नेसँग बुझी हेरे । कसैले बुझेनन् ।

भम्मानेले भावुक भएर निर्णय लियो, 'यी मेरै छोराले पठाएका उपहार हुन् । ऊ जीवितै छ भन्ने सन्देश दिएको हो । म जहाँ गए पनि साथमा लिएरै हिँड्छु ।'

यसपछि जता जाँदा पनि भम्माने तिनै बैसाखी काँधमा बोकेर हिँड्न थाल्यो । रक्सी पिएर फर्किने बेलामा त टेकेजस्तो पनि गर्थ्यो । अलि पछि स्वाभाविकताका लागि हुन सक्थ्यो अथवा स्वभाव मिलोस् भनेर हुन सक्थ्यो अथवा साँच्चिकै खुट्टामा ठेस लागेर गाह्रो भएको हुन सक्थ्यो, उसले खुट्टा खोच्याएको देखियो । कालान्तरमा बैसाखीसँगको भम्माने सुहाउँदिलो देखिन थाल्यो । भनौँ न साँच्चै बैसाखी उसका लागि अपरिहार्य भइदियो ।

दयारामको छोरो कहानी सुनाइरहेको थियो मलाई भने कुनै स्वैरकाल्पनिक कथा पढेजस्तो अचम्म लागिरहेको थियो । अझ उसले एउटा रमाइलो प्रसङ्ग सुनायो ।

'एकपल्ट मैले उसलाई झुक्याएर बैसाखी लुकाइदिएँ । ऊ त लैनो पाडोजसरी अलमलियो हिँड्दा । चाल बिर्सिए जसरी अडिएन । झन्डै लड्यो ।' ऊ गलल्ल हाँस्यो ।

मेरो प्रिय साथी भम्माने । मलाई उसैले परिमार्जन गरेको त्यो राष्ट्रिय गानको सम्झना आयो । श्रीमान् गम्भीरे खोल्साघरे फट्याङ्ग्रे लामघिच्रे शीतले ।

अझ यसको अर्को लाइन गाउँदा ऊ झन् उँचो स्वरमा मच्चिँदै कराउँथ्यो, सिरीपाङ माकुरी सरस्वकारे खोल्चिँडे – सदा रहुन् घमन्डी ।

यी केटीका नाम थिए – सप्पै भम्मानेले राखेको । खोल्चिँडे भनेर ऊ एउटी साथीलाई भन्थ्यो जो अलि अलि खुट्टा खोच्याएर हिँड्थी । यी सबैको श्राप लागेर हो कि ऊ स्वयम् एउटा किंवदन्तीको पात्र भइसकेछ ।

खाना खाएर सुतिसक्दा पनि मेरो मनमा सुदूर विगतको त्यो उटपट्याङ भम्माने घुमिरहेको थियो ।

(bidrum43@gmail.com)

संस्मरण

# मुस्कान मेमप्रति

**ईश्वर थोकर**



**१. सायद**

'मैले कोसिसमा इन्टर्नसीप गरेको थिएँ ।' मुस्कान (पाण्डे) मेमले भन्नुभयो, 'हजुरसँग मेरो २/३ पटक कुरा पनि भएको छ । सायद बिर्सिनुभयो होला ।'

मैले उहाँसँग माफी मागेँ ।

उहाँले फेरि भन्नुभयो, 'केही छैन, कहिलेकाहीँ बिर्सिहालिन्छ नि !'

**२. रहर**

मुस्कान मेमले भन्नुभयो, 'हजुरको लेख पढेको र आफूलाई पनि लेखनमा रुचि भएकोले मैले हजुरलाई सम्झिएकी हुँ ।'

मैले केही भन्न नपाउँदै उहाँले फेरि भन्नुभयो, 'यहाँका बारेमा म धेरै कुरा पहिल्यैबाट जान्दथेँ । यहाँ साँच्चै प्रेरणादायी हुनुहुन्छ । मेरो उच्च सम्मान छ, यहाँको सोचाइ र भोगाइप्रति । यहाँको जीवनमा आधारित आख्यान पढ्ने मेरो ठुलो रहर छ ।'


**३. साथ**

म खासै आफ्नो जन्मदिन मनाउँदिनँ ।

प्रियजनहरूले शुभकामना दिइसकेपछि बल्ल थाहा पाउँछु कि 'ए, आज त मेरो जन्मदिन पो रहेछ ।'

मेरो जन्मदिनको शुभकामना दिँदै मुस्कान मेमले एकपटक प्रेमले भन्नुभयो, 'शब्दहरूले सधैँ साथ दिउन् ।'

(ishworthokar@gmail.com)




गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ, प्रकाशचन्द्र निङ्लेकु, भोगेन्द्र लिङ्देन र धीरकुमार श्रेष्ठबाट लेखिएको सहयात्रा (**संयुक्त गीत, गजल र कवितासङ्ग्रह**) को

विद्युतीय पुस्तक निःशुल्क पढ्न चाहनुहुन्छ भने कृपया sabdankur@gmail.com मा इमेल गर्नुहुन अनुरोध गर्छौं ।

विलोम लघुकथा

# प्रेम





ममता मृदुल     प्रस्तोताः दीपक लोहनी

'बेस्सरी चलेको चैते हुरीले के के भाँच्ने हो ।'
असिना पनि बर्सिन थाल्यो ।
भरखर फल्न लागेका आँपका टिकुला भुइँमा फ्याट्टफुट्ट झर्न थाले ।
'अहो ! कति मुस्किलले फल लागेको थियो ।' आँपको बोटले लामो सुस्केरा छाडेर भन्यो ।
'तिमीलाई के फरक पर्छ ? तिम्रो बोटमा हजारौँ आँप फलेका छन् । पाकेपछि बजारमा बिक्छ हजारमा । हेर त मलाई, जन्मभूमि बिर्सेर जानेको न मोल छ न मिठोपन ।' माटोले दुःख पोख्यो ।

'म तिमीलाई कति माया गर्छु । तिम्रा लागि मजस्ता कति छन् कति ।' आँपको रूखले माटोलाई भन्दै थियो । हुरीले आँपको हागा भाँचेर पर हुत्याइदियो ।
'अहो ! कति उत्पात मच्चाएको !' असिनालाई सम्झिँदै माटोले मनमनै भन्यो ।
र पनि, माटोले सुगन्ध छरिनै रह्यो ।
तातो रापले रापिएको माटोले असिनाको पिटाइ बिर्सियो ।
आँपको बोटले आफ्नो पीडा बिर्सेर माटोसँग साउती गर्दै भन्यो, 'हो नि । मान्छेले गुन कहिल्यै सम्झिँदैन र भरोसा पनि तोड्छ । मलाई तिम्रो प्रेमले कति भिजाएको छ । म कहिले तिमीसँग छुटेर बाँच्न सक्छु र मित्र ?'

(मोरङकी ममता मृदुल मुख्य धारको साहित्यमा सक्रिय छिन् । लेखन, सङ्गठन र प्रकाशन एकै साथ गर्ने थोरै महिला साहित्यकारभित्र पर्छिन् ममता । उनी साहित्यको प्रायः सबै विधामा थोर/धेर कलम चलाउँछिन् । आख्यानमा उनको कलम बढी सक्रिय छ । सम्पादन र लेखन गरेर ममताका करिब एक दर्जन कृति भित्रिसकेका छन् । पछिल्लो समय विलोम अभ्यासमा सक्रिय ममताको लघुकथा स्वैरकल्पनामा आधारित छ ।)


**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**

**पुस्तक सेन्टर**

सहिद शुक्र माविको भवन, अद्वैतमार्ग, बागबजार

०१-५३६६७८०, ९८४१-३६७७६२

लघुकथा

# एकादेशको कथा - २



रत्न प्रजापति
(लोकन्थली, भक्तपुर)

एउटा देश छ । साह्रै सुन्दर छ । त्यहाँका चेलीहरू झन् सुन्दर छन् ।
कुनै समय त्यो सुन्दर देशबाट ती सुन्दरी चेलीहरू बम्बई पुऱ्याइन्थे ।
थाहै नपाई बम्बई पुगेका चेलीहरूले दिनहुँ आफ्नो शरीर बेच्नुपर्थ्यो । तिनै चेलीहरूले आफ्नो शरीर बेचेर घरमा पैसा पठाउँथे । तिनले पठाएको पैसाले -
घरको चुलो बल्थ्यो ।
घरको सबै व्यवहार चल्थ्यो ।
घरको छानो फेरिन्थ्यो ।
घरको मानो फेरिन्थ्यो ।
अहिले त्यही देशबाट ऊर्जावान् युवा कतार, मलेसिया, कोरिया, दुबई, युएई र इराक पुऱ्याइन्छन् ।
तिनै युवाले त्यहाँ रगत, पसिना र आँसु बगाएर कमाएर आफ्नो देशमा रेमिट्यान्स पठा(उँछन् ।
त्यो रेमिट्यान्सले यहाँका नेता र कर्मचारीले -
बङ्गला ठड्याउँछन् ।
चिल्ला र महँगा कार चढ्छन् ।
विलासी जीवन बिताउँछन् ।
अनि देशचाहिँ झन् झन् पराधीन बन्दै जाँदै छ ।
त्यो देशको नाउँ हो नेपाल ।

(ratna.prajapati@gmail.com)

**पुस्तकालयलाई सूचना**

**शब्दाङ्कुर**लाई प्रत्येक महिना हामीलाई उपलब्ध भएसम्मका पुस्तकालयको हुलाकी ठेगानामा निःशुल्क पठाउने गरेका छौँ । यसरी पठाइएका पत्रिका प्राप्त भएका पुस्तकालयले कृपया प्राप्तिको सूचना दिनुभए यस कार्यलाई निरन्तरता दिन सहज हुने थियो । साथै **शब्दाङ्कुर** प्राप्त गर्न चाहने पुस्तकालयले हुलाकी ठेगाना उपलब्ध गराए निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्छौं ।

**शब्दाङ्कुर परिवार**

**शब्दाङ्कुरका वितरक**

**साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स**

**चावहिल, काठमाडौँ । सम्पर्क नं. ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६**

यात्रा संस्मरण

# ट्रेड युनियनिस्टको कलकत्ता यात्रा



महेशराज खरेल

सन् १९९६ मा अल इन्डिया बैङ्क इम्प्लाइज एसोसिएसनले भारतको कलकत्तामा स्वर्ण जयन्ती मनाउँदै थियो । अन्तरबैङ्क कर्मचारी सङ्घ राष्ट्रिय समितिलाई पनि उक्त जयन्तीमा सहभागिताका निमित्त आमन्त्रण गरिएको थियो । त्यस अधिवेशनमा सङ्घका तर्फबाट सम्बोधन गर्ने गरी अध्यक्ष महेशराज खरेल, उपाध्यक्ष धुर्वमान प्रधान र सदस्य माधव आचार्यलाई पठाउने निर्णय भयो ।

संसारका सबै प्रकारका जीवन्त एवम् क्रियाशिल सङ्गठनले कार्यप्रकृतिअनुरूपका भाइचारा सम्बन्ध निर्माण, विस्तार र विकास गर्ने ध्येय राख्छन् । हाम्रो राष्ट्रिय समितिको पनि अन्तर्राष्ट्रिय सम्बन्ध विकासको पहिलो चरण एआईबिइए हुन पुग्यो । हामी त्यता लाग्यौँ ।

काठमाडौँबाट वीरगन्ज पुगेर बास बस्यौँ । हामीबाहेक नेपाल बैङ्क कर्मचारी सङ्घका प्रतिनिधि प्रभा बज्राचार्य, रामचन्द्र पन्त र ऋषि भण्डारीसहित छ जना थियौँ । सामान्यतः एउटा राष्ट्रबाट अर्को राष्ट्रको ट्रेड युनियनसितको भाइचारा सम्बन्ध सम्बन्धित देशको फेडेरेसन अर्थात् सङ्घ अथवा राष्ट्रिय समितिले प्रतिनिधित्व गर्ने वैधानिक व्यवस्था विधानले गरेको हुन्छ । प्रतिष्ठान स्तरका ट्रेड युनियनले अन्य राष्ट्रसितको प्रतिनिधित्व गर्न सक्दैन, सम्भव पनि हुँदैन । त्यो पनि एउटा देशको एउटा कम्पनी वा सार्वजनिक संस्थानको प्रतिष्ठान स्तरको ट्रेड युनियनले अर्को देशको समकक्षी युनियनसित नभएर माथिल्लो स्तरको सङ्घसितको सम्बन्धलाई वैधानिक मानिँदैन तथापि नेपालका कतिपय ट्रेड युनियन सीमाक्षेत्रबाहिर पुग्न हतारिएका छन् । अन्य मुलुकमा यो सम्भव छैन । हामीकहाँ ट्रेड युनियन सङ्घ र महासङ्घलाई माथ गरेर प्रतिष्ठान लम्किरहेको छ । यो एक प्रकारले विकास हुँदै गएको छ । आज हेर्दा लाग्छ, अन्य देशका ट्रेड युनियन सङ्घलाई आमन्त्रण गरेर हाम्रा देशका प्रतिष्ठान स्तरका ट्रेड युनियनबाट अधिवेशनमा अतिथि बनाउने कार्य भएका छन् । यो एक प्रकारले प्रतिष्ठान स्तरीय महत्त्वकाङ्क्षा हो । नेपाल बैङ्कका साथीको प्रतिनिधित्व यस्तै थियो । खैर हामी वीरगन्जमा बास बस्यौँ । हाम्रा बैङ्कका साथीहरू विमल भट्टलगायतले हामीलाई स्वागत गरे । मिठो आतिथ्य अर्पण गरे । भोलिपल्ट बिहान रक्सौल हुँदै मोतिहारी पुगेर रेल चढ्यौँ कलकत्ताका निमित्त ।

मङ्सिरको महिना, तराईको ठाउँ, जाडो थिएन । हामी रेलको डिब्बामा पस्यौँ । टिटीले हामीलाई हाम्रो रिजर्भेसनको कोठा र बेड देखाए । लामो यात्रामा बेडबेगर यात्रा सहज र सम्भव हुन्नथ्यो । मैले रिजर्भेसन गरेर रेल चढेको त्यो नै पहिलो थियो । उही २०४३ सालमा गौरीफन्टाबाट नेपालगन्जको स्पेडियासम्म दिउँसोको रेलयात्रा गरेको अनुभव थियो मसँग । माधवजी त फिलिपिन्स बसेर आएको मानिस । अरू थुप्रै अनुभव थिए होलान् । अरू साथीका केकस्ता अनुभव थिए थाहा भएन । हामी रेल चढेपछि कुनै स्टेसनमा मानिसको भिड खुट्टा टेकिनसक्नु हुन्थ्यो । हामी आआफ्नो बेडमा जान्थ्यौँ र सुत्थ्यौ । कुनै स्टेसनमा डिब्बा खाली

हुन्थ्यो । हामी बेडबाट झरेर झ्यालछेउमा बसेर रेलको गतिसित बाहिरी अवस्था नियाल्थ्यौँ । रेल पुँ... पँ.... गर्दै कराउँदै छुक...छुक...छुक...छुक... गरेर दौडिरहेको थियो । धान पाकेर जमिन पहेँलपुर देखिन्थ्यो । घाम न्यानो थियो । ठाउँ ठाउँमा गाईबस्तु चरिरहेका देखिन्थे । फेरि अर्को स्टेसन आउँथ्यो, मानिस खाँदिन्थे । डिब्बा भरिन्थ्यो । मानिसको कोलाहलबिच टिटीले हैसियत देखाउँथ्यो । माटाका कपमा चिया बेच्नेको आवाज, 'चाय भाइ चाय.. !' कतै ममफली, बदाम, चुरोट बिँडी र मिठाई बेच्नेको घुइँचो । कहीँ तारेका पापड बेचिरहेका दृश्य । हामीले पनि माटाका कपमा चिया पियौँ । चियाको स्वादभन्दा बढी प्रचार हुने गरी गफ चुट्यौँ । माधवजी र म चुरोट पिउने मानिस । पानामार चुरोटको धुँवा फुक्दै रेलको धुवाँसित मिसाउँदै रमाइलो यात्रा गरिरहेका थियौँ । रेलयात्रामा कहीँ पाकेटमारले खर्च सिद्ध्याइदेला भन्ने पिर । रामचन्द्र पन्त होसियार गराउँथे हामीलाई ।

हामी यसो गर्दै रक्सौल, घोडहसन, बैरगनिया, सितामणी, मुजफ्फरपुरपछि बरौनी पुग्यौँ । रेल अलि बढी समय रोकियो । खाना खाने स्टेसन रहेछ । स्टिलका थालीका भात, दाल, तरकारी र अचारसहितको खाना खायौँ । मिठो नमिठो जे भए पनि रेलको खानामा बास्ना भनुँ कि गन्ध भनुँ, कोइला ह्वास्स गन्हाउँथ्यो । कहीँ मट्टीतेलको रागझैँ नाकले पचाउँथ्यो । रातको ११ बजे खाना खाएपछि शरीरले निद्रा माग्यो । हामीमध्ये कोही कहीँ निदाउँदै कोही कहीँ बिउँझिँदै मधुपुर, सलानपुर, बर्द्धमान हुँदै हौडाको (हावर) पुल तर्‍यौँ । यो हौडाको विशाल पुल बिनाकिलाकाँटी स्टिल नै स्टिलले बनेको भनेर चर्चित थियो र छ । पहिले पहिले भारतका विभिन्न जिल्लाबाट नेपालमा काम गर्न आउने मानिस गीत गाउँथे, 'मख्खीका लात लाग्ने से हौडाका पुल टुट गया ।' यो एक व्यङ्ग्यात्मक गीत थियो सायद ।

हामी बिहान सात नबज्दै ७३३.३ किलोमिटर यात्रा पूरा गरी कलकत्ताको रेलस्टेसनमा पुग्यौँ । हामीलाई दिइएको निम्ताभन्दा एकदिनअगाडि नै कलकत्ता पुगेकोले चाइना टाउनस्थित एउटा होटलमा बस्यौँ ।

नुहाइधुवाइ गरेर बाहिर घुम्न निस्कियौँ । पाछ लागेर सहर घुर्मैलो बनेको थियो । चना र चिया पिएर हामी लालबङ्गला क्षेत्रको बाटो हुँदै गफ चुट्दै हिँड्दै थियौँ । पाछ हटेर सूर्यका किरण धरतीलाई चुम्बन गर्न आइपुगे । बजार भरखर खुल्दै थियो । नगरमा गुड्ने परिवहन अर्थात् ट्राम बेफुर्सदझैँ दौडिरहेको थियो । हामी पनि ट्रामझैँ दौडेर ट्राममा चढ्थ्यौँ त्यसरी नै उत्रिन्थ्यौँ । दिउँसो खाना खाएपछिको मौसम पूर्ण खुलेको थियो । न्यानो घाम लागेको थियो । हामी नरिवल पानी पिउँदै सहरका ठुला ठुला घर नियाल्दै गफिँदै एउटा स्थानमा पुग्यौँ जहाँ मानिसले ठेलाजस्तो भनुँ वा मानिसले तान्ने बग्गी भनुँ, लहरै राखिएका थिए । पालो मिलाएर त्यस्ता साधनमा मानिस सवार हुने रहेछन् । तेल लगाएर चिल्ला बनेका काला मानिसले ती बग्गी तान्दा रहेछन् । आजको आधुनिक जमानामा पनि मानिसलाई यसप्रकारको श्रम शोषण गर्नु भनेको दासयुगको अवशेष भनुँ वा कमाराकमारी प्रथाजस्तो मध्ययुगीन दमन लाग्यो । यो एउटा क्युरियोजस्तो पहिचान रे त्यहाँको । सन् १९१९ मा बेलायतको पार्लियामेन्टमा ह्याक्नी क्यारे एक्ट पारित गरेपछि मानिसले तानेको बग्गी वा रिक्सामा बसेर सवार हुनु अधिकारकै एउटा अवशेष हो यो कलकत्तामा । अङ्ग्रेजले शासन गर्दा त्यो शैली यहाँ भित्र्याएको रे, माधव आचार्यले प्रस्ट पारे । मैले मनमनै सोचेँ, कम्युनिस्टले शासन गरेको प्रान्त पश्चिम

बङ्गाल । मानव श्रमको यो मध्ययुगीन परिवेशले शासन पद्धति जे भए पनि समाजमा रहेका दमन उत्पीडनका यी अवशेष कायमै राखेकामा दुःख लाग्यो । समाज विकासको यस चरणमा कायम रहेका यस्ता मध्ययुगीन अवशेष कहिले उखेलिएलान् र मानिसले मुक्ति पाउलान् । म यस्तै सोच्दै थिएँ । ऋषि भण्डारीले सतर्क गराए मलाई । तिनीहरूका साधन र ती श्रमिकसित आलोपालो फोटो खिच्यौँ हामीले ।

एउटा दिशातिर हातले इसारा गर्दै रामचन्द्र पन्तले रेडलाइट क्षेत्र भनेर देखाए । हाम्रो नेपालगन्जको गगनगन्जमा पनि त्यतिबेला यस्तै क्षेत्र छ भनेर सुनेँ । कलकत्तामा त वैधानिक रूपमा यौन व्यवसाय हुने रहेछ । यौन व्यवसायीले राज्यलाई कर तिर्दा रहेछन् । उद्योगव्यापारझैँ दर्ता गरेर सञ्चालन हुने यसप्रकारको व्यवसायले मानव जीवनलाई निकै कहालीलाग्दो खाडलमा जाकिदिन्छ, मेरो मनले भन्छ । मानिसलाई बाँच्न खाना चाहिन्छ । खानलाई खर्च, पैसा र खाद्यान्न चाहिन्छ । त्यसका निमित्त मानिसले शारीरिक वा मानसिक कार्य गर्छ, पसिना बगाउँछ, दिमाग खियाउँछ । त्यसले हरेक मानिसलाई सन्तुष्टि दिन्छ तर यौनकर्मजस्तो पेसाले सामाजिकीकरण हुन र गर्न सक्दैन । यस्तो कर्म हेय हो । कैयौँ रहरले गर्दा हुन्, कैयौँलाई कहरले होला, यस्तो कर्म अपनाउनुपर्ने । जेहोस्, यो व्यवसाय सम्मानित वा मानवोचित भने होइन । तथापि आज विश्वभर यस्ता व्यवसाय फस्टाइरहेका छन् ।

त्यसदिन हामीले आफ्नै तालमा रात गुजाऱ्यौँ । भोलिपल्ट सम्पर्क कार्यालय गयौँ । हामीलाई पाँचतारे ग्र्यान्ड होटलमा बस्ने व्यवस्था रहेछ । यो स्तरको होटलमा यसभन्दा पहिला म बसेको थिइनँ । पाँचतारे होटलको सुविधाले हाम्रो जीवनस्तरलाई ह्वात्तै माथि पुऱ्यायो ।

बिहानको नास्ताचियापछि हामीलाई एआइबिइए (AIBEA, All India Bank Employee Association) को स्वर्ण जुब्ली समारोह हल लगियो । नेहरु स्टेडियममा पाल टाँगेर व्यवस्थित रूपमा सिँगारिएको हलमा अतिथि आसनमा हामीलगायत बिसपच्चिस देशका अतिथिलाई १२/१३ सय प्रतिनिधिको क्ल्याम्पिङले निकै रोमाञ्चित बनाएको थियो । पचास वर्षे AIBEA को अनुभव बोलिरहेको थियो । हामी कहिले यहाँ पुगौँला । मैले माथि आकाशतिर हेरेँ, पालको रङ्गीबिरङ्गी छत समेतमा AIBEA हाँसिरहेको थियो । पहिलो दिन उद्घाटन सत्र थियो । उद्घाटनमा प्रमुख अतिथि भारतीय लोकसभाका सभामुख पिए सङ्गम थिए । उनी असमिज मूलका थिए । धेरै मन्त्री, विभिन्न भाइचारा सङ्गठनका नेताले स्वर्ण जयन्ती समारोहलाई सम्बोधन गरे । अन्तरबैङ्क कर्मचारी सङ्घको अध्यक्षको हैसियतले मैले पनि नेपालका तर्फबाट सम्बोधन गरेँ । सम्बोधनमा भनेँ, 'हाम्रो देश नेपालमा भरखर केही वर्षपहिले प्रजातन्त्र पुनर्स्थापित भएको छ । हामीले ट्रेड युनियन अधिकार पाएको धेरै वर्ष भएको छैन । हामी ट्रेड युनियन जीवनको आन्तरिक विकास र विस्तारका साथै बाह्य सम्बन्ध विस्तार र विकासको चरणमा छौँ । यस परिवेशमा एआइबिइएजस्तो इतिहास भएको स्थापित ट्रेड युनियन सङ्घले हामीलाई स्थापनाको पचासौँ वार्षिकोत्सव तथा स्वर्ण महोत्सवमा आमन्त्रण गरेर यो स्थान दिएकोप्रति गौरान्वित छौँ र हृदयदेखि धन्यवाद दिन चाहन्छौँ । आज संसारका पुँजीवादी मुलुकका नेतृत्वले अनावश्यक रूपमा निजीकरणको हल्ला फैलाइरहेका छन् । तिनका बाछिटा हाम्रा सामु चुनौतीका रूपमा देखा परेका छन् । उनीहरूको पुँजीको विकास र निजी क्षेत्रको सबलतालगायतका कारण देश र जनताका आवश्यक वस्तु एवम् सेवा उत्पादन तथा वितरणमा

निजी क्षेत्र सक्षम रहेका कारण सन् १९३० को दशकमा आएको आर्थिक मन्दीबाट बच्न उत्पादन तथा सेवाका क्षेत्रमा लगानी गरेको सरकारी स्वामित्व अबको परिवेशमा निजी क्षेत्रमा हस्तान्तरण हुनु स्वाभाविक भए पनि तेस्रो विश्वको निजी क्षेत्रको विकास त्यो स्तरमा भएको छैन । यसर्थ तेस्रो विश्वको अर्थ क्षेत्रको नेतृत्व निजी क्षेत्रले वहन गर्न सक्दैन । निजीकरण आफैमा पूर्ण परिभाषित पनि छैन । यसर्थ हामीले मिलेर सङ्गठित रूपमा निजीकरणको विरोध गर्नुपर्छ र असफल बनाउनुपर्छ ।

अर्को कुरा शक्तिले शासन गरेको हुन्छ । मजदुर अर्थात् श्रमिक विश्वमा दमित उत्पीडित वर्गमा पर्छन् । यस्तो दमन वा उत्पीडनलाई परास्त गर्न हामीले सम्भव भए एसियाकै नभए दक्षिण एसियाई राष्ट्रबिचको अन्तर्राष्ट्रिय ट्रेड युनियन गठन गर्नु जरुरी छ ।

हाम्रा उपर्युक्त भनाइमा हलमा ताली गुन्जिरह्यो । हुन त लामो इतिहास भएका ट्रेड युनियनहरू सार्क स्तरीय ट्रेड युनियन गठनको आवश्यकता महसुस गरिरहेका थिए । राज्य स्तरमा पनि क्षेत्रीय सङ्गठनहरू खुलिरहेका थिए । त्यहीँ हलमा महासचिव तार्केश्वर चक्रवर्तीले पनि क्षेत्रीय स्तरको सङ्घको प्रस्ताव पेस गरे ।

त्यसदिन बिहान सहिदलाई सम्मान अर्पण गर्ने कार्यक्रमा सहभागी भयौँ । मन्तव्य सकेर मैले हाम्रो उपहार महासचिव तार्केश्वर चक्रवर्तीलाई हस्तान्तरण गरेँ । कार्यक्रममा सबै अतिथिलाई दोसल्ला, स्थानीय उत्पादन चिह्न, प्रतिवेदनसहितका ब्याग, सङ्घको स्वर्ण जयन्तीको लोगो उपहारस्वरूप आयोजकका तर्फबाट प्रदान गरियो । बेलुका सङ्घका तर्फबाट कक्टेल डिनरको व्यवस्था थियो । त्यहाँ पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, मलेसिया, उज्बेकिस्तान, थाइल्यान्ड, सिङ्गापुर, जापानलगायतका ट्रेड युनियन सङ्घका प्रतिनिधिसित भेटघाट, चिनजान र कुराकानी भयो । अर्को दिन बिहान त्यहाँको स्थानीय हो कि राष्ट्रिय हो बुझिएन; टेलिभिजनले अन्तर्वार्ता लियो । त्यसमा मूलतः विश्वमा आइरहेको आर्थिक विश्वव्यापीकरण, उदारीकरण र निजीकरणसित सम्बन्धित प्रश्नहरू सोधिए ।

विकसित र अल्पविकसित वा विकासोन्मुख राष्ट्रका आर्थिक विशेषता एकै हुन्नन् । अहिले विकसित देशको झैँ विकासोन्मुख देशको निजी क्षेत्र सक्षम भइसकेको छैन । त्यसकारण आर्थिक विश्वव्यापीकरण, उदारीकरण र निजीकरण देशको सापेक्षतामा लागु हुनुपर्छ । हाम्रा देशले अहिले नै त्यसको भार वहन गर्ने क्षमता राख्दैन भनेर मैले जबाफ दिएँ ।

खाना खाएपछि हामीलाई एउटा बसमा राखेर करिब पचास किलोमिटर पूर्व एउटा क्यानलमा लगियो । त्यो समुद्रले जमिनलाई छिद्र बनाएर बनेको नदी रे । त्यहाँ सानोखाले पानीजहाजमा हामीलाई राखेर सुन्दरवन पुऱ्याइने कार्यक्रम थियो । सुन्दरवन राष्ट्रिय निकुञ्ज रहेछ पश्चिम बङ्गालको । बङ्गलादेशको सिमाना नजिक पर्दो रहेछ । त्यहाँ चल्ने स्टिमर वा फेरी हामीलाई पर्खिरहेको थियो । त्यसमा चढेर हामी सुन्दरवनतिर गयौँ । सुन्दरवनमा एक प्रकारको सुन्दर रूपको (बेङ्गाल टाइगर) बाघ हेर्न पाइन्छ भन्थे आयोजकहरू । स्टिमरमा बियर र खाजाका प्याकेट बाँडिए । दिउँसोको लन्च पनि स्टिमरमै खाइयो । भूपरिवेष्ठित देशका हामीलाई यो स्तरको स्टिमरमा जाँदाआउँदा करिब सात घण्टाको जलयात्रा आनन्ददायक भयो । ठाउँ ठाउँमा बाघ हेर्न दृश्यावलोकनका लागि अग्ला अग्ला भ्युटावर वा टुङ्घर थिए । त्यहाँ चढेर सुन्दर बाघ हेर्न आँखा फैलायौँ । कहीँ सुन्दर हरिण, कहीँ अन्य जनवार त कहीँ विभिन्न जातका

पन्छी देखिए । बाघ देखिएन । नेपालमा नजिकै बाघ देखेका हाम्रा लागि बाघ नदेखिए पनि खासै केही छुटेको अनुभव भएन बरु दिनभरिको स्टिमर यात्राले जलयात्राको नौलो अनुभूति भयो । स्टिमरको छतमा बसेर रमाइलो दृश्यावलोकन गर्दा हावाले टाउको दुःखाउँदो रहेछ । बेलुका फर्किंदा एउटा होटल/रेस्टुरामा लगियो । दिनभरिको यात्राले थकित थियो तन । मन भने नयाँ परिवेश र नौला मानिससितको रमभ्कममा रमाइरहेको थियो । तार्केश्वर चक्रवर्तीले डिनर भाषण गरे । महासचिव प्रमुख अधिकार सम्पन्न कार्यकारी पद हुँदो रहेछ । अध्यक्ष वैधानिक वा सेरोमोनियल । हामी होटल फर्किंदा रातको १०.३० भएको थियो । सुतेको भुसुक्क निदाइएछ । भोलिपल्ट बिहान चियाखाजा खाएपछि एक जना गाइडले हामीलाई घुमाउन लगे । भूमिगत मेट्रो चढाए । आनन्ददायक मेट्रो । हाम्रा देशका मुख्य सहरमा यस्ता मेट्रो चलाउन सके कति सुविधा हुन्थ्यो । भारतलाई अङ्ग्रेजले शासन गरे, प्रकृति भण्डारका मूल्यवान् खनिज पदार्थ लगे । त्यति मात्र गरेर छाडेनन् । भारतमा विकासको पूर्वाधार पनि बनाइदिए । प्रशासनिक क्षमता विकास गरिदिए । एकतामा कस्तो शक्ति हुन्छ चिनाइदिए । आजको आधुनिक भारतको जग अङ्ग्रेजको इँटामा अडेको छ । भारतले लामो समय स्वाधीनता गुमाएको बदलामा विकासका पूर्वाधार पायो जहाँबाट टेकेर उकालो हिंड्न सहज हुन्छ ।

हामीलाई ती गाइडले भिक्टोरिया पार्क लगे । अङ्ग्रेज शासनकालको अवशेष भिक्टोरिया पार्कले अङ्ग्रेज संस्कृति बोकेको अनुभूति दिलायो । त्यसपछि उनले बोटानिकल गार्डेनमा लगे । आज पनि सम्भना छ मलाई, अरूलाई पनि होला, त्यहाँ रहेको विशाल वरको वृक्षमा रहेका ३,६१८ खुट्टा, डाँठ, जरा वा सुँड जे भने पनि हुने; रूख थिए । २५० वर्षदेखिको इतिहासको साक्षी रे वरको रूख । गाइडले रूखसँग परिचय गराए हामीलाई । एउटा अचम्म ! त्यो बोटानिकल गार्डेनका सयौँ प्रजातिका रूखबिरुवाभन्दा सबैको ध्यान वरको रूखमा थियो । अभ्र भन्दा बरको टेवाको रूपमा रहेका जरा वा डाँठको समान आकारले रूखको फेद ठम्याउन सकिन्नथ्यो । वरको वृक्षले रूखका हाँगाबाट पोषणका लागि जरा निकाल्छ र बिस्तारै जमिनमा गाडिएर पोषण प्रप्त गर्छ । त्यहीँ पोषणले जरा र रूखको आकार र दीर्घ जीवनलाई धान्छ रे, गाइडले बुझाए हामीलाई ।

दिउँसो बिदा भयौँ । सङ्घका पदाधिकारीले हामीलाई मिठो मुस्कानसहित बिदा गरे । जाँदा रेलमार्ग भएर गएका थियौँ । फर्किंदा धेरै साथीको झापामोरङमा काम भएकोले रात्री बसमा फर्कियौँ । पानीटङ्की आएर नेपाल पस्यौँ । ट्रेड युनियन जीवनको प्रारम्भमै यो निकै अविस्मरणीय, उर्जावान् र मूल्यवान् भ्रमण थियो । हाम्रो मनमस्तिष्कमा अल्झिरहेको छ कहिल्यै नउक्किने गरी ।

(maheshkharel17@gmail.com)




**धीरकुमार श्रेष्ठबाट लेखिएको नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेलको डिजिटल कपी निःशुल्क पढ्न चाहनुहुन्छ भने dhires@gmail.com मा इमेल गर्नुहुन अनुरोध गर्दछु ।**

# प्राचीन नेपालमा वर्मन खलक र प्रतिभा



**शीतल गिरी**
**(मध्यपुर ८, थिमी/बोडे, सूर्योदय समाज, भक्तपुर)**

अनायास नै चियापसलमा मित्र मण्डली जम्मा भयौँ । कुरैकुरामा प्राचीन नेपालको कुरो चल्यो । हुन पनि हो, प्राचीन नेपालको राजनीतिक इतिहासमा लिच्छवि र गुप्तबाहेक वर्मन खलकको पनि प्रभाव छ । ठाउँ ठाउँका चियापसलमा थरी थरीका मानिसले ससानो सभा सञ्चालन गरेको स्मरण गर्दै छु । यो सब त्यस्ता चियापसलमा हुने गर्छ, जहाँ मजासँग गफिँदा पनि कुनै अवरोध आउँदैन । प्राचीन नेपालका घटनाहरू मेरो हृदयको धुकधुकी बनेको छ । ती घटनाले मेरो हृदयलाई छुन्छन् । मानिस एक एक गर्दै मर्दै जान्छ तर काम बाँचेकै हुन्छ । जसको काम धुकधुकी बनेर मानव जातिको हृदयलाई स्पन्दन दिँदै रहन्छ, त्यस्ता पूर्वज मर्न पाउँदैन । इ.पू. ५९४ देखि ६२१ सम्म २७ वर्ष जतिको युगमा वर्मन खलकका अंशुवर्मनले आफ्नो चर्तिकला देखाएकाले सो समयमा वर्मन खलकको महत्त्व अति बढेको देखिन्छ ।

विचित्र जस्तो लाग्छ, प्राचीन नेपालको वर्मन खलक उहिल्यै सकिसक्यो । वर्तमानले फेरि पनि सम्झिँदै छ । अंशुवर्मन खलकको इतिहास पल्टाउन अवश्य धेरै थरीका अभिलेख विचार गर्नुपर्छ, तैपनि यस खलकको ठिक ठिक स्थिति थाहा पाउन अन्योल छ । वर्मन थरका मानिस जो प्राचीन नेपालको इतिहासमा पाइएका छन्, तिनका थिति बिचारी अंशुवर्मनलाई केलाउन खोज्दै छु ।

वर्मन खलकको सामाजिक थिति मानदेव प्रथमको इ. ४६६ को लाजिम्पाट शिवलिङ्ग अभिलेखको आधार मानेर बताउन सकिन्छ । वर्तमानमा यो अभिलेखको पहिलो हरफ खिइएको छ । यसमा पूरा वाक्य उठाउन सकिँदैन तर यो मानदेवकै मितिको भएकोले र अरू तत्कालीन अभिलेखमा मानदेवको जस्तो बयान भएकोले यसमा मानदेवकै बयान गरिएको मान्न अप्ठेरो पर्दैन । यो अभिलेखबाट थाहा पाएअनुसार वर्मन खलकका नरवर्मन मानदेवको दरबारसँग सम्बन्धित थिए । यस सन्दर्भबाट वर्मन खलक तत्कालीन शासकसँग घनिष्ठ रूपले सम्बन्धित भई सामाजिक रूपमा महत्त्वपूर्ण ठाउँ ओगटिरहेको अड्कल्न सकिन्छ ।

वर्मन खलकको महत्त्वपूर्ण थिति बताउने अर्को अभिलेख इ. ४९७ को छ । यो मानदेवकी अर्की रानी गुणवतीको टुकुचा शिवलिङ्ग अभिलेख हो । किन्नर वर्मनकी छोरी गुणवती मानदेवकी रानी भएको सन्दर्भबाट लिच्छवि र वर्मन खलकमा स्थायी सम्बन्ध रहेको थाहा पाइएकोले यही पृष्ठभूमिमा पछि पछि वर्मन खलकले राजनीतिमा सफलता पाउन सकेको अड्कल्न सकिन्छ । यहाँ पाइएको महत्त्वपूर्ण कुरा के हो भने लिच्छवि वंशको महत्त्व दिगो पार्ने मानदेवको व्यक्तित्वसँग वर्मन खलकले वैवाहिक सम्बन्ध थापेर आफ्नो पनि थिति बढाएको कुरा प्रस्ट हुन्छ ।

वसन्त देवको बलम्बु खाद्याँ अभिलेखमा देखिएका श्रीवर्म्मनको राम्रो परिचय पाइन्न । इतिहासमा प्रमाण र अनुमानको योग हुन सक्तैन । दुई हरफ मात्रै बाँकी रहेको यो जीर्ण अभिलेख वसन्तदेव राजाले बलम्बुको हालको खाद्याँ भेकका रैतीलाई केही काम गरी राखिएको बुझिन्छ । वसन्तदेवबारे इतिहासका पानामा पर्याप्त लेखिएको पाइँदैन । उनको प्रतिभा हुँदो

हो त शब्दको रूपमा उज्यालिएको अवश्य पाइँदो हो । सो अभिलेखमा श्रीवर्म्मनको नाउँ देख्दा यिनी राजदर्बारसँग सम्बन्धित रहेको अड्कल गर्न सकिन्छ । चाकडी गर्ने र प्रतिभा भएकाहरू बिच जुन शत्रुता हुन्छ त्यो सहजै समाप्त हुँदैन । सो अभिलेखबाट किन्नर वर्मनसँग श्रीवर्मनको के नातागोता हुनुपर्छ भन्ने कुरामा साक्षी नहुँदा प्राचीन इतिहास चुप लाग्नुपरेको छ तैपनि यो सन्दर्भबाट वर्मन थर भएका मानिसको वर्गले राजदरबारसँग सम्बन्धित भई मानभाउ पाएकोबारे थाहा पाइन्छ ।

प्राचीन इतिहास नियाल्दा, वर्मन खलकले लिच्छवीलाई सकेजति सहयोग गरिरहे । तर यो खलक बिचमा कतै लोप भयो, कसरी ? वसन्तदेवपछि शिवदेव प्रथमको पालो थालिने युगअघिका अभिलेखमा प्रशासकीय सन्दर्भमा वर्मन थरका मानिसका नाउँ लेखिएका छन् । यस अवधिका राजा गणदेवका इ. ५६० को अभिलेखमा पाँच प्रतिलिपिमा दूतकको रूपमा वस्त्रवर्मन छन् ।

उन्नति कसरी गऱ्यो ! गंगादेव राजाको सेवा गरेर मेवा प्राप्त गरेको हुनुपर्छ । एकहोरो सेवा दासले मात्र गर्छ । गंगादेवको इ. ५६७ को चमलीगाउँ अभिलेखमा दूतकका रूपमा वृषवर्मनको नाउँ छ । यिनलाई यस अभिलेखमा भट्टारकपादीयको उपाधि दिइएको छ । भट्टारकपादीयको ठिक अर्थ गर्न सकिएको छैन तर विचार्दा यो राजाको भित्री र विश्वासपात्र महत्त्वपूर्ण पद होला भनी अड्कल्न सकिन्छ । राजाको विश्वासपात्रका रूपमा वृषवर्मनले गंगादेव राजाका महत्त्वपूर्ण अधिकारीको रूपमा मानभाउ पाएको देखिन्छ । विश्वासपात्र बन्नु कतिपय अवस्थामा खतरनाक पनि हुन्छ । परिवारको, आफन्तको । विश्वासपात्र आफ्नो परिवारको नभएर राजाको हुनुपर्छ ।

अब अंशुवर्मनको उन्नतिको पृष्ठभूमि विचार गर्नुपरेको छ । समयलाई हातबाट उम्किन दिएनन् उनले । समयलाई आफ्नो हातमा लिएर रमाउँथे । सम्झौता गर्ने मानिस प्रत्येक सम्झौतामा तल खस्छ । माथि चर्चा गरिएका वर्मन थरका सबै जनालाई एउटै परिवारको भनेर किट्न नसकिने हुँदा र तीमध्ये केहीलाई अंशुवर्मनका पुर्खा मान्न सकिने सम्भावनाबारे विचार गर्नै पर्छ । अब तथ्य पहिल्याएर सत्य लेखिनुपर्छ । जेजति लेखिनुपर्छ यथार्थ । अब प्राचीन इतिहास गलत लेख्ने बिलाउने छ । अंशुवर्मन शिवदेव प्रथमका अभिलेखमा जुन रूपमा देखिएका छन् त्यो कुनै पारिवारिक पृष्ठभूमिबिना हुन सक्ने कुराको व्याख्या गरिरहनु परोइन । नातागोताका मानिस, अहिले पनि नजिकको विश्वासपात्र मानिँदै आएको छ । विश्वासबाटै अविश्वास जन्मने गर्छ ।

माथि चर्चिएकै कुनै वर्मन व्यक्तिको सन्तानका रूपमा अंशुवर्मनले राम्रो पृष्ठभूमि पाएकाले उनले शिवदेवका पालामा ठुलो प्रशासकीय जिम्मेदारी धान्न सक्ने पद पाउन सकेको अड्कल्न सकिन्छ । तब त राजा बन्न सके । प्राचीन नेपालमा वर्मन खलकको थितिबारे खोजी गर्दा पाइएको एउटा अभिलेखको चर्चा नगरे यो पूर्ण हुने छैन । शंखमूल सिकबहीको इ. ५७३ को अभिलेखमा थालनीमा राजपुत्र वज्ररथ नाउँका एक जनाको चर्चा छ । तिनका एक जना नातेदारले मातृकाहरूको माटाको मूर्ति थापेका थिए भनेर लेखिएको छ । माटाका मूर्ति हुँदा र बिग्रेको देखेर वभ्रूवर्मनले तिनको जीर्णोद्धार गर्न खोजे तर त्यो काम पूरा गर्न नपाउँदै उनको स्वर्गवास भयो ।

वभ्रुवर्मनको स्वर्गवासपछि तिनका भतिजा परमभागवत देशवर्मनकी आमा देशभट्टारिकाले उनको इच्छा पुऱ्याई यो अभिलेख लेखाउन लगाइन् । यस कार्यबाट म उसको कायल भएँ । वभ्रुवर्मनको इच्छा पुऱ्याउन देशभट्टारिकाले यो काम गरेको भए पनि उनले यो काम गरेबापत

आमाबुवा, पति र आफ्नो पुण्य होओस् भन्ने उद्देश्य राखेकी थिइन् भन्ने यो अभिलेखको पुछारका दुई हरफबाट थाहा पाइन्छ । यहाँ देशभट्टरिकाले होसियारीसाथ कर्तव्यपालन गरिन् । यो अभिलेखबाट वर्मन खलकका वभ्रूवर्मन र तिनका भतिजा देशवर्मनको नाउँ थाहा पाइन्छ । सायद ठुलाबडाको आदर सम्मान गर्ने भएर होला, अभिलेखको बयानअनुसार यो वर्मन खलकको सामाजिक थिति महत्त्वपूर्ण रहेको देखिन्छ । किन र कसरी जिज्ञासा यही हो ? यहाँ चर्चा गरिएका देशवर्मन र शिवदेव प्रथमका केही अभिलेखमा दूतकका रूपमा देशवर्मन गोमी एकै हुन् भन्न सकिन्छ । देशवर्मन प्रभावशाली वर्मन खलकका हुँदा नै राजदरबारसँग सम्बन्धित हुन सकेको देखिन्छ ।

अंशुवर्मन र पहिले चर्चा गरिएका वर्मनमा पारिवारिक सम्बन्ध देखाउने एउटा तत्त्व हो, अंशुवर्मनको सम्प्रदाय । राजदरबारसँग सम्बन्ध नहुँदो हो त अंशुवर्मनको प्रतिभा थाहा हुन्थेन । राजाका रूपमा पाशुपत उपाधि लिने व्यक्तिका रूपमा र शिवदेवका सामन्तका रूपमा पनि अंशुवर्मन शिव अथवा पशुपतिका भक्त देखिएका छन् । शैव सम्प्रदाय कसी हो र यसमा परख गरेर वर्मन खलकबारे यथार्थ थाहा पाउन सकिन्छ । मानदेव प्रथमका ससुरा किन्नरबर्मन पनि शैव हुनाले उनको नाउँमा छोरी गुणवती (मानदेवकी रानी) ले एउटा मन्दिर थापेको थाहा पाउँदा वर्मन खलकमा शैव सम्प्रदाय लोकप्रिय भएको थाहा हुन्छ । यतिका प्रमाण रहँदा पनि शैव सम्प्रदायको कसीमा वर्मन खलकको यथार्थ थाहा पाउन सकिएन भने अब गर्न नै के सकिन्छ । अंशुवर्मन पनि शिवजीका भक्त देखिनाले उनी किन्नरवर्मनकै खलकका हुन् भनी मान्न अप्ठेरो पर्दैन तर मानिलिऊँ कि भनेर पुष्टि गर्न खोजिए पनि, इतिहास यतिको भरमा सत्य हो भन्न सहज छैन ।

पारिवारिक सम्प्रदायका आधारमा किन्नरवर्मनलाई अंशुवर्मनका पुर्खा माने पनि अंशुवर्मनका नजिकैका पुर्खाबारे जान्नुपर्छ । शैव नाउँ (वृष) भएका वृषवर्मनको पारिवारिक सम्प्रदायलाई आधार मानी किन्नरवर्मन र अंशुवर्मनको बिचमा वर्मन व्यक्ति किट्न सक्छौँ । अझ भन्ने हो भने वृषवर्मनलाई अंशुवर्मनका बाबु मान्नु ऐतिहासिक क्रमले सघोट पुग्छ ।

शिवदेव प्रथमका इ. ५९४ देखि ६०४ का अभिलेखमा अंशुवर्मनको राजनीतिक व्यक्तित्वको पहिलो पाखो प्रस्टिन्छ । शिवदेवको अभिलेखमा अंशुवर्मनको जुन रूप देखिन्छ त्यसबाट उनी महत्त्वाङ्काक्षी र महत्त्वपूर्ण पदाधिकारीका रूपमा देखिन्छन् । उनको कूटनीति यो कुरोबाट पनि प्रस्टिन्छ कि उनले आफ्नो प्रभावद्वारा वर्मन खलककै मानिसलाई राजाको सेवामा राख्न लगाए । उनले पक्ष लिएका एक जना भोगवर्मन थिए । यिनै भोगवर्मनलाई राजा अंशुवर्मनले आफ्ना महासामन्त पारेका थिए भन्ने उनको एउटा अभिलेखबाट थाहा पाइन्छ । शिवदेव राजाका धरमपुर (इ. ५९४), बुढानिलकण्ठ (इ. ५९४) र टोखा अभिलेख (इ. ५८७) मा दूतकका रूपमा विप्रवर्मन गोमीको नाउँ छ । अंशुवर्मनको राजनीतिक चर्तिकलाका कारण लिच्छविले भोगिरहेको राज्य हत्याएर आफूलाई कुन रूपमा देखाए, यो महत्त्वपूर्ण कुरा हो ।

अंशुवर्मनले सबै अभिलेखमा पहिलेका लिच्छवि राजाले झैँ 'बप्पपादानुध्यातः' भन्ने वाक्य आफ्ना पदवीसाथ किन जोडे, यो अचम्मको सोधाइ छ । राजाका उपाधिसाथ देखिने यो वाक्य ती राजाको शासन बाबुको पालादेखि चलिआएको भनेर तिनको वंशको क्रमिकता देखाउन प्रयोग गरिने हो । इतिहासको यथार्थ पहिचान गरी तथ्यका आधारमा लेख्नु अध्येताको कर्तव्य हो, अनुशासन हो र यस्तो परम्परा अगाडि बढाउन इतिहासविद् नयराज पन्तले जग बसाल्नुभयो । वंशको क्रमिकता अंशुवर्मनमा मिल्न नआउने हुँदा उनले यो वाक्य लेखाएको कारण प्रस्ट्याउन

सकिएको छैन । उनले पहिलेका लिच्छवि राजाकै परम्परा मात्रै धानेको हो भनी माने मात्रै यो समस्या छोट्टिन्छ ।

तर अंशुवर्मनको व्यक्तित्वले धेरै कुरा लेख्नुपर्छ भनी माग्दै छ । प्रमाणलाई ध्यान दिंदा कुलप्रतिष्ठाको लक्ष्य हटाउनै पर्छ । यसर्थ आत्मप्रतिष्ठाले स्थान प्राप्त गर्ने कुरो भएन । अंशुवर्मनको चर्तिकला सिद्धिसकेपछि पनि गुप्त खलकझैँ यो खलक आफ्नो चर्तिकलाको युगबाहेक पछि लोप भएको थिएन । अंशुवर्मनको व्यक्तित्वलाई बोकेर वर्मन खलकले सङ्घर्ष तीव्र बनाएको पनि पाइँदैन । यहाँसम्म कि अन्य कुनै खलकसँग मिलेर षड्यन्त्र गरेको पनि देखिँदैन । वर्मन खलकको त्यतिखेरको समाजमा राम्रो थिति थियो । व्यक्तित्वको यस मागले केही यस्तो स्थिति बनाइदिएको छ कि वर्मन खलकमा केन्द्रित हुन बाध्य गराउँछ । यसकारण यथार्थबाट टाढा पुग्दा बाटो भुलिन्छ । विगतले आफ्नो काम गरेको छ । अभिलेखले जानकारी गराएकै छ र वर्तमानमा अध्येताले जसरीतसरी लेखनमा ल्याएकै छन् । अंशुवर्मनकै पालाका र पछि पछिका अभिलेखबाट वर्मन खलकको पहिलेजतिकै चकचकी रहिरहेको थाहा पाइन्छ । अंशुवर्मनकै पालाको एउटा अभिलेखबाट एक जना वर्मनको नाउँ थाहा पाइएको छ । इ. ६२१ को रानीपोखरीको अभिलेखमा वार्त्त विभुवर्मनले बाबुको धर्मका लागि जलद्रोणी थापी त्यसको सम्झनाको लागि लेखाए । यो अभिलेखमा 'अंशुवर्मनको कृपाले' (श्रयंशुवर्मप्रसादेन) भन्ने वाक्य देखिँदा विभुवर्मन अंशुवर्मनका नातेदार र यसै हुँदा वार्त्तजस्तो महत्त्वपूर्ण सरकारी पद पाएकाबाहेक दरबारसँग पनि घनिष्ठ रूपले सम्बन्धित देखिन्छन् । यो पनि सत्य हो आफ्नो नातेदारलाई नै सर्वथा विश्वास गरी जिम्मेवारी दिने कार्यले मनुष्यलाई एक किसिमको पागलपनजस्तो प्राप्त हुने गर्छ । अंशुवर्मनको पालाको मिति नभएको र निकै खिइसकेको अभिलेख पाइएको छ । यसबाट तिनको परिवारबारे थाहा पाइन्छ । यो अभिलेखको दोस्रो हरफअनुसार श्रीकलहाभिमानि राजा (अंशुवर्मन) की पत्नीले पतिबाट निगाह पाई उनैको पुण्यका लागि केही धर्मकार्य गरेकी थिइन् । सिद्धान्तवादी, प्रतिभावादी, व्यक्तिवादीका साथ उत्तरोत्तर यस्तो हुने गरेको छ । अभिलेख त लोकव्यवहारभन्दा भिन्न कुरा हो र इतिहास लेखनको सिद्धान्त लोकसँग पनि जोडिएको छ भन्दा आश्चर्य मान्नु पर्दैन ।

यो अभिलेखको पहिलो हरफमा 'अमृतवर्मन' भन्ने एक जनाको नाउँको चर्चा छ । अभिलेखको यो हरफमा लेखिएका धेरैजसो अक्षर खिइएका हुँदा यी अमृतवर्मनको परिचय ठम्याउन सकिएको छैन । यो अभिलेखको तल्लो हरफमा अंशुवर्मनकी पत्नीले पतिको पुण्यका लागि धर्मकार्य गरेको कुरा लेखिएको हुँदा माथिल्लो हरफमा चर्चा गरिएका अमृतवर्मन पनि अंशुकै नजिकका नातेदार हुन् कि भन्ने अड्कल्न अप्ठेरो पर्दैन । यसरी अड्कल गर्न मिल्ने स्थान पनि अभिलेखले नै उपलब्ध गराएको हो । यी अमृतवर्मन अंशुवर्मनकै छोरा हुनु धेरै सम्भव छ । अंशुवर्मनका छोराबारे अरू प्रमाणबाट केही थाहा पाइन्न (गोपाल वंशावलीमा अंशुवर्मनको छोराको नाउँ मानवर्मा) । अमृतवर्मनलाई नै उनको छोरो माने पनि अंशुवर्मनको नीतिअनुसार उदयदेव नै राज्यका उत्तराधिकारी घोषित भएको देखिएकोले वर्मन खलकले फेरि राजकाज गर्न पाएको थाहा पाइएको छैन । आफ्नो वर्मन खलकलाई राजकाजको झैझमेलाबाट स्वतन्त्र राख्न उनले यो बाटो अपनाएको हो कि अथवा उनले आफ्नो खलकप्रतिको कर्तव्य र मर्यादा भत्काएर योग्य पात्र छनोट गरी उदयदेवलाई उनकै पिता शिवदेवको राजगद्दी दिलाएका हुन् । यथार्थ के थियो भन्दा पनि अंशुवर्मनको व्यवहार स्वागतयोग्य छ ।

यस्तो समस्या वास्तवमा धेरै गहिरो हुने गर्छ । जिष्णुगुप्तको पालाको एउटा अभिलेखबाट

त्यतिखेर (इ. ६२४-३५) का बलिया शासक खलक गुप्तसँग अंशुवर्मनका खलकको राम्रो सम्बन्ध रहेको थाहा पाइन्छ । बोडेको अभिलेख अंशुवर्मनकी भाइबुहारी (श्रीकलहाभिमानिनृपपतिभ्रातृस्नुषा) ले जीवनमै मरेका पतिको नाउँमा छोरासमेत भएर धारा बनाई त्यसको सम्झनाका लागि राखेकी हुन् । अभिलेखसहित प्राप्त कार्य अवश्य नै समर्थनीय बन्छ नै । यस अभिलेखमा तत्कालीन शासकको रूपमा जिष्णुगुप्तको नाउँ लेखिएको छ । यसरी अंशुवर्मनको खलकले राखेको अभिलेखमा विद्रोही राजा जिष्णुगुप्तको नाउँ मानसाथ राखिएको देख्दा सो समयको परिस्थिति प्रस्टिएको छ ।

अभिलेखको सूचनाअनुसार अंशुवर्मनका एक जना भाइ थिए । यिनले दाजुको राजनीतिक गतिविधिमा सघोट पुर्‍याएका थिए वा थिएनन् अड्कल्न सकिँदैन । अभिलेखको भनाइअनुसार अंशुवर्मनका यी भाइका पनि एक जना छोरा थिए जसको नाउँ अभिलेखमा छैन ।

अंशुवर्मनपछिका अनेकन् अभिलेखबाट त्यतिखेर वर्मन खलक प्रशासनका महत्त्वपूर्ण पदमा रहिरहेका र सामाजिक रूपमा पनि निकै प्रभावशाली देखिएका छन् । ध्रुवदेव र जिष्णुगुप्तको संयुक्त शासनको युगमा पनि वर्मन खलकको मानभाउ रहिरहेकै थाहा पाइन्छ । यस शासनकालका दुई अभिलेखबाट वर्मन खलकका सामन्त चन्द्रवर्मनले अंशुवर्मनले बनाएको कुलोको थितिबारे स्पष्ट गरेकाले यिनी अंशुवर्मनकै पालादेखि सामन्तका रूपमा खटिएका र उनैका आफन्त देखिन्छन् । अंशुवर्मनको राम्रो नीतिले गर्दा उनीपछिको युगमा वर्मन खलकको मान कम्ती हुन पाएन । यसैले वर्मन सामन्त र अरू प्रतिष्ठित घरानाको समकालीन शासकसँग राम्रो व्यवहार रहिरहेकै बुझिन्छ । यो कुरो ध्रुवदेव र जिष्णुगुप्तको आदीश्वर मन्दिर फस्कु अभिलेखबाट प्रस्टिएको छ ।

आदीश्वर मन्दिर फस्कु अभिलेखबाट ध्रुवदेव र विष्णुगुप्तले राजपुत्र नन्दवर्मनले आफ्ना बाबु राजपुत्र जिष्णुवर्मन, आमा वत्सदेवी र भीमवर्मन आदिलाई स्वर्गमा थिर बास होस् भनेर नाथेश्वरको मन्दिर थापेका थिए र त्यसको विधिव्यवस्थाका लागि जग्गाको व्यवस्था गरिदिएका थिए भन्ने थाहा पाइएको छ । यस अभिलेखबाट राजपुत्र नन्दवर्मन जिष्णुगुप्तका मन परेका भारदार हुन् । नन्दवर्मनको खलक अंशुवर्मनकै खलक हो कि भन्ने शङ्काचाहिँ उठाउन अप्ठेरो पर्छ । वर्मन खलकका हाँगाबिँगामै यो खलकलाई मानेमा पनि त्यस खलकको महत्त्व प्रस्टिन्छ । वर्मन खलक आफैमा पूर्ण हुन सकेको भए इतिहासका पानामा गहिरिएर खोज्नुपर्ने आवश्यकता पर्थेन । संयुक्त शासन पल्टाएर लिच्छवि खलकको महत्त्व थाप्ने नरेन्द्रदेवको पालामा पनि वर्मन खलकको प्रभाव कम हुन पाएन । ती राजाको इ. ६६५ को पाटन अभिलेखमा दूतकको ठाउँमा राजपुत्र जनार्दनवर्मनको नाउँ लेखिएको छ । गुप्त-लिच्छवि सम्बन्ध विग्रहको बिच पनि वर्मन खलकको स्थायी भूमिका देखा परेको छ । जनार्दनवर्मनलाई राजपुत्र भनिएकोले र यिनको नाउँ पनि वैष्णव खालको देखिएको हुँदा यिनलाई माथि चर्चा गरिएका नन्दवर्मनको खलकसँग जोर्न अभिलेखबाट वर्मन थरका मानिसका नाउँ पाइएका छन् । वर्मन खलक नेपालको प्राचीन इतिहासको एउटा परीक्षा हो । एउटाचाहिँ त शिवदेव द्वितीयको पालाको पाटनको बलराम मूर्तिको पादपीठ अभिलेख हो । यसमा नालवर्मनको नाउँ देखिन्छ । अनि अर्कोचाहिँ इ. ७८३ को हनुमानढोकाको अभिलेख हो । यसमा अमृतवर्मनको नाउँ छ । अभिलेखमा पाइएको छ, वर्मन खलकको सफलता प्रमाणित भएको ठहरिन्छ । लिच्छविकालीन राजनीतिको महत्त्व मध्यकालमा थियो कि थिएन भन्नेबारे केही भन्न सकिएको छैन । वर्मन खलकलाई इतिहासको कसीमा घोटेर हेरिएको मात्र हो ।

समालोचना

# 'तिल गङ्गा गोविन्द' कृतिभित्रको सामाजिक चेतना



ठाकुर शर्मा भण्डारी

**१. स्रष्टापरिचय**

माता तिलकुमारी पौडेल पिता गोविन्दप्रसाद पौडेलका पुत्रका रूपमा सुभाषचन्द्र पौडेलको जन्म २०१४ साल कार्तिक २५ गते भीमफेदी गापा वडा नं. ६, मकवानपुरमा भएको हो । शिक्षाक्षेत्रमा स्नातकसम्मको अध्ययन गरेका सुभाषचन्द्रको साहित्यिक नामका पछाडि भीमफेदिया जोडेका छन् । हाल उनी धुम्बाराही, काठमाडौँ बस्छन् । नेपाल बैङ्क लिमिटेडको प्रबन्धकबाट अवकाशप्राप्त उनको पहिलो प्रकाशित कृति हो, **त्रिवेणीका लहरहरू** (गीत, सङ्गीत तथा गायन क्षेत्रका साधकहरूसँगको भेटवार्ता २०४४, सहलेखन) । उनलाई साहित्य सङ्गम मकवानपुरबाट कृति प्रकाशनार्थ सम्मान २०७९ प्राप्त छ । दश कक्षामा पढ्दा उनको पहिलो रचना २०२९ साल जेठ १२ गते शुक्रवारको **अर्पण** साप्ताहिकमा 'भए पुग्छ' शीर्षकको कविता प्रकाशित छ । 'बुवाकै प्रेरणाबाट मलाई पनि मनभित्रका भावहरू कापीमा उतार्ने बानी पर्‍यो । स्कुलमा हुने शुक्रबारे कार्यक्रममा मैले पनि आफ्ना कविता सुनाउन थालेँ । दशएघार वर्षको उमेरदेखि लेख्ने बानी थियो ।' सुभाषचन्द्रको यस भनाइलाई दृष्टिगत गर्दा सानै उमेरदेखि लेखनमा चासो थियो तर धेरैपछि उनको कृति प्रकाशनमा आयो । उनले **कुरौटे** (साहित्यिक त्रैमासिक) को सम्पादन पनि गरे । वन्दनाकुमारी पौडेलद्वारा उनको पहिलो कृति **तिल गङ्गा गोविन्द** (२०७९) प्रकाशित छ । आमाबुबाको नाम जोडेर उनले कृतिको नामकरण गरेका छन् ।

पत्रकार, साहित्यकार एवम् यस कृतिका भूमिका लेखक हरि अधिकारीको स्रष्टाप्रतिको दृष्टिकोण यस्तो छ, 'सुभाष जटिल बिम्ब, प्रतीक, उपमा र उपमेयहरूमा खेल्ने प्रयोगधर्मी कवि होइनन् । उनी दिमाग बढी खेलाएर कवितालाई गह्रुँगा विचारहरूको भारी बोकाउन मन पराउने दार्शनिक कवि पनि होइनन् । उनी त हृदयको भाषामा सरल, सहज सबै प्रकारका पाठकले सजिलै बुझ्ने कविताका सर्जक हुन् ।' (पृ. ८)

भूमिका लेखकको दृष्टिकोणबाट के स्पष्ट हुन्छ भने कविको लेखनकार्य बाल्यावस्थादेखि भएको र निरन्तर साहित्य पढ्ने र सरल कविता लेख्ने कवि हुन् उनी । उनका गद्यशैलीका कविता सरल, सबैले बुझ्ने र समाजोपयोगी छन् ।

**२. तिल गङ्गा गोविन्दको समीक्षात्मक विश्लेषण**

**तिल गङ्गा गोविन्द** विभिन्न विषयवस्तुलाई समाविष्ट गरी गद्यकविताका रूपमा प्रकाशित छ । यसमा केही कविता अङ्ग्रेजी भाषाका पनि छन् । यसले के देखाउँछ भने आजसम्म विविध पत्रिकामा प्रकाशित र अप्रकाशित कविता राखेर यो सङ्ग्रह प्रकाशनमा ल्याइएको हो ।

(क) 'तिल, गङ्गा, गोविन्द' तीन शीर्षकका कवितामा जन्म दिने आमा, आफू सानै हुँदा आमाको मृत्यु भएकोले हुर्काउने-बढाउने फुपू गङ्गा र आफूलाई सक्षम बनाउने बुबा गोविन्दलाई विषय बनाएर श्रद्धार्पण गरिएको छ । श्रद्धार्पण गरिएका नातासम्बन्धका अरू कविता हुन्, 'दिदी

राधा, नाता, श्रद्धासुमन, छोरी, वाइफाइ र वाइफ, गाई र भाइ, तिमी र म, श्रद्धासुमन, सन्दर्भ : दाम्पत्य जीवनको पच्चीस वर्ष, श्रद्धासुमन, माहिली दिदी रुक्मिणी ।' यिनमा भावनात्मक सम्बन्ध छन् । कविले अत्यन्त सरलतासाथ बुवाप्रति व्यक्त गरेका भावनाका एउटा कविता उदाहरणस्वरूप हेरौँ :

हुर्कायौ बढायौ हामीलाई पढायौ
सक्षम बनाई खुट्टा टेकायौ
आफ्नी प्यारी पत्नी गुमाएर पनि
हुर्कायौ हामीलाई बुबा–आमा बनी । (पृ. १८)

(ख) प्रकृति, देशको भौगालिक अवस्था, नेपालको सौन्दर्यलाई उद्बोधन गर्ने कविता पनि सङ्ग्रहमा प्रशस्त छन् । ती हुन् : 'घर, माटो, पानी, आगो, पृथ्वी र मान्छे, उज्यालो, नयाँ वर्ष, सिमाना, आँखा, म पानी हुँ मलाई बग्न देऊ, अन्तर, म फूलको माला, धरती, प्रकृति र प्रवृत्ति, देश र माटो, सत्य, तथ्य र सृजना, मुटुको सगरमाथा ।' यिनमा नेपालको भूगोलको आकर्षणले कसलाई लोभ्याउँदैन र ! यहाँको सुन्दरताले संसार लोभिन्छ । जीवन्त देशमा भएका अनेक किसिमका नदनदीको अविरलता र हिमाली क्षेत्रको सौन्दर्यले कसलाई लोभ्याउँदैन र ! संसारको शिर सगरमाथालाई विषय बनाएर लेखिएको कविताले कसरी भाव व्यक्त गरेको छ, हेरौँ :

मुटु नै मुटुको सगरमाथामाथि
आस्थाको लौरो टेकेर
आरोहण गर्ने जमर्को गर्दछु म
एक्लो–नितान्त एक्लो आरोही भएर । (पृ. १६८)

(ग) जीवन, जगत्, धर्मदर्शन, संस्कृति, परम्परा, दान, आत्मापरमात्मालाई सम्बोधन गर्ने कविता 'आत्मा, दान–धर्म, इच्छा, म नदी अविरल बगिरहेछु, जीवन यात्रा, कर्म र भाग्य, विजयादशमीको उपलक्ष्यमा हार्दिक समवेदना, फगत म माटो हुँ, तिहार, अहिलेदेखि, अँध्यारो/उज्यालो, दिने र लिनेहरू, स्वर्ग नर्क, जिज्ञासा, यही त रहेछ जिन्दगी, आनन्द, आहा' आदि हुन् । यी कविताले हामीले अवलम्बन गरेका विषयलाई व्यक्त गरेका छन् । कतिपय संस्कारले समाजका गरिबलाई कतिसम्म दुःख दिन्छ भन्ने भावलाई कविले समवेदनासम्म भनेका छन् . मार्मिक कविता यस्तो छ :

कहिले, स्वास्नीको गर–गहना र दाइजो
कहिले, बाबु–बाजेले जोडिदिएको छाप्रो बन्धकी राखेर वा बेचेर
दुई–चार छाक पेटभरि मिठो खान दशैँले दशातिर डोऱ्याइएकाहरूलाई
भन्नुहोस् कसरी म शुभकामनाको व्यङ्ग्यप्रहार गरूँ ?
अन्याय, असत्य र अँध्यारोबाट पराजित भएर दशा मनाउनेहरूलाई म
अरू के नै दिन सक्छु र केवल हार्दिक समवेदना .....! (पृ. ६७)

(घ) समाजमा भएको द्वन्द्व, भयावह स्थिति, विश्वास–अविश्वासको स्थिति, राजनीतिको विकृत अवस्था, मानवीय प्रवृत्ति र समस्या, चाह आदिलाई देखाउने कविता हुन्, 'अश्वत्थामा हतोहतः,

विश्वास र युद्ध, मान्छे, विश्वास/अविश्वास, ऋण, रहर, सडक, अभाव, हाँसी हाँसी बाँच्नुपर्छ, जे प्राप्त छ त्यो पर्याप्त छ, यथार्थ, एकता, हाँसो, रोग लागेपछि, बुढेसकालमा पनि, फरक, मुस्कान, काम, अचानक, समय-बाँडफाँट, सन्तोष, कामना, अभिलाषा, लालसा, आँसु, मैनबत्ती, चाहना, मन, काम छउन्जेल भाँडो, सोच, पसिना, निद्रा, वास्तविकता, सङ्केत, आकाङ्क्षा, म सलाई, निदाउनेहरू ।' यिनले सामाजिक यथार्थ प्रस्तुत गर्छन् । मान्छेले समस्यासँग निरन्तर जुध्नुपरेको छ । अभावग्रस्त जीवनले सताउँदा पनि यहाँ मानिसहरू निदाइरहेका छन् । निराकरणको बाटो देखिएको छैन । रोगको वा वृद्धावस्थामा होस् मानिसले उज्यालो देख्न पाएको छैन । अँध्याराम} जीवन बिताइरहेका छन्, निदाइरहेका छन् । यस कुरालाई यसरी व्यक्त गरिएको छ :

कैयन् युगहरू बिते तर हामी उठेनौँ
ब्युँझेर पनि निच मारेर सुतिरह्यौँ
अन्धकारलाई खोकिलामा च्यापेर । (पृ. १७१)

कवितामा धेरै व्याख्या गर्ने होइन । यी तीन पङ्क्तिले प्रशस्त बोलेका छन् । वर्तमानको यथार्थलाई प्रस्तुत गरेका छन् । वस्तुतः मानिस हरेक क्षेत्रमा निदाएको छ, कतै आशलाग्दो स्थिति छैन ।

(ङ) 'अनुभव, तथास्तु, प्रेमरोग, नारी' प्रेमभाव वा प्रणय र आशीर्वचनका कविता हुन् । यस्तै विविध विषयमा लेखिएका मुक्तक वा अन्य सन्दर्भका कवितामा 'उखान, छिटा (वाछिटा, मुक्तक (साथी, स्थिति, चोट), दुई टुक्रा, हाँच्छ्युँ चिरञ्जीवी, कोरोना अनुभव, दुई मुक्तक, समय, मुक्तक, मुक्तक, चार चार हरफ, विष, मुक्तक कविता (सम्बन्ध, अधम जागिर, मध्यम खेती, उत्तम व्यापार), तीन टुक्रा- तीनतिर, मुक्तक' आदि पर्छन् । 'अनुहार अङ्ग, ऐना, छाता, घडी र समय, ताल्चा, पैसा र छोराछोरी' बालकविता हुन् । 'छोराछोरी'मा भनिएको एउटा उदाहरण हेरौँ :

काली हुन् या गोरी, प्यारी हुन्छिन् छोरी
जब हुन्छिन् ती किशोरी, हुन थाल्छ दिलको चोरी । (पृ. १३०)

(च) आफ्नो ठाउँ (हेटौँडा र भीमफेदी) को चिनारीलाई सम्बोधन गरेर लेखिएको कविता हो, 'दुई स्थान एक चिनारी ।' बाहिरी देशको प्रभावमा लेखिएको कविता हो, 'सिड्नी ।' अङ्ग्रेजीमा लेखिएका कविता हुन्, 'कस्ट, रियालिटी, भिजन, नेच्युरल लाइफ, युनिक्नेस, गोड, फ्लावर, क्यान्डल लाइट, फेमली ।' छोटा, मिठा र सरल अङ्ग्रेजी कविताले पनि जीवनको यथार्थलाई प्रस्तुत गर्छन् ।

(छ) **तिल गङ्गा गोविन्द**मा मूलतः पारिवारिक श्रद्धासम्बन्धका सन्दर्भ, ऐतिहासिक सन्दर्भ -एकतादिवस पृथ्वीजयन्ती) को स्मरण, विदेशी सहरको निर्वस्त्रताको वातावरणबाट उत्पन्न स्थिति, विकृति फैलाउने जहिल्यै कमजोर हुने र सत्यवादी निर्विवाद विजयी हुने आशावादिता, भोक, रोग र गरिबीले ल्याएका समस्या, प्रत्येक वर्ष आउने नयाँ वर्षको उमङ्गभन्दा पीडागत धमिलोपन, एकातिर धार्मिक मान्यताको स्वीकृति र अर्कातिर देवता भनेको केही होइन, मान्छे देवता हो र प्रकृति ईश्वर हो भनेको विरोधाभास, मानव जीवन अनमोल छ तर उसको व्यवहार कुत्सित हुँदाको राक्षसीपन भएको सन्दर्भ, जीवनयात्रामा स्वतन्त्र उड्ने चाह, अभावको

बिजाइले जीवन अँध्यारो भएको अवस्था, हाँसो र रोदन, उतारचढावका साथै सुन्दर देशप्रतिको सकारात्मक भावना कवितामा छन् ।

कतै बालकविता, कतै कोरोनाले सताउँदा उत्पन्न कविता, कतै मुक्तकीय ढाँचामा लेखिएका कविता माथापच्ची नगरी बुझ्न सकिने गरी अभिव्यक्त छन् तर कतिपय कविताले कविताको रूप दिन खोजे पनि कविता बन्न नसकेका हुन् कि जस्तो अनुभूति अवश्य गराउँछन् . अझ कसरत गर्नुपर्ने छ । किनकि कविताले अभिव्यञ्जना शक्तिलाई पछ्याउनुपर्छ र सूत्रात्मकता, सूक्तिमयता, बह्वर्थक स्वरूप बोकेको हुनुपर्छ । कविता र ती कविता 'जीवेम शरदः शतम्'को भावना उन्मुख हुनुपर्छ । अर्थात् सार्वकालिक, सर्वदेशीय, सर्वग्राह्य हुनु कविताको विशेषता हो । कविता कोमल मन र कठोर मस्तिष्कलाई पनि झन्झनाहट दिन सक्ने हुनुपर्छ तब मात्र दीर्घकालीन बन्छ । अन्तमा कविको भनाइलाई पनि प्राथमिकताका साथ हेरौँ :

हथौडाको निरन्तर प्रहारबाट पत्थर पनि सुन्दर मूर्ति बन्दछ
सुनलाई पोर पिटेपछि मात्र आकर्षण आभूषण जो बन्दछ । (पृ. ७७)

यस्तो सुन्दर भावना अभिव्यक्त गर्ने कविले स्वयम् कविता सृजना गर्दा त्यतातिर ध्यान दिनुपर्छ कि ! लेखनकलाले मात्र कविता जीवन्त बन्ने कुरामा अवश्य द्विमत हुँदैन .

**३. कविताकृतिप्रति कवितात्मक भावना**

**तिल गङ्गा गोविन्द** सरलता र आफ्नै पनका कारण महत्त्वपूर्ण छ । यसमा पारिवारिक सन्दर्भदेखि देश र समाजका विषय अभिव्यक्त छन् । समाजका विकृति-विसङ्गतिलाई सहजतासाथ व्यङ्ग्यात्मक रूपमा देखाइएको छ । अन्त्यमा कवितात्मक भावनासाथ लेखनलाई विराम दिन्छु :

आस्थामा कविता हुन्छ नवीन फूल फुल्दछ
'सुभाषचन्द्र'को बोली जीवन्त पन भर्दछ ।
पारिवारिक सन्दर्भ भावी जीवनमार्गमा
**तिल-गङ्गा र गोविन्द** बन्छन् कृतार्थ शब्दमा ।१।

स्रष्टाको सृष्टि-सौन्दर्य कविताभित्र खुल्दछ
प्रेमको भाव-सौन्दर्य अभिधामा उदाउँछ ।
कतै जात्रा छ विश्वास कतै छ देश-भावना
चौतर्फी सारमा रम्दै गर्दछन् कवि साधना ।२।

बाँच्नुको अर्थमा घुम्ने कविताभित्र पाउँछु
जीवन्त पनको खोजी गर्दा-गर्दै हराउँछु ।
सामाजिकी कुराभित्र कविता सल्बलाउँछन्
आङ्लभाषा यहाँ देख्दा आँखा यी चल्मलाउँछन् ।३।

आकाङ्क्षा मनमा बोकी हिँडेको व्यक्ति-चित्रमा
शङ्काको अर्थ के हुन्छ ? स्रष्टाको सृष्टि-चेतमा ।
आगामी दिन चम्कियून्, आस्थाका फूल बर्सियून्
'सुभाषचन्द्र'का इच्छा पूर्णत्वतिर लम्कियून् ।४।

(tpsharmabhandari@gmail.com)

आलेख

# आदरणीय ठाकुर सर



डा. छायादत्त न्यौपाने 'बगर'

ठाकुरप्रसाद पराजुली आधुनिक नेपाली साहित्यका अधिकांश विद्यार्थीका गुरु । पूर्वीय साहित्य चिन्तनका अध्येता, साहित्य शास्त्रमा विश्वसनीय प्रस्तुतिका अब्बल र शालीन व्यक्तित्वका धनी । मझौलो कदको शारीरिक बनोट । गहुँगोरो वर्ण । मृदुभाषी, सरल स्वभाव, मित्रवत् व्यवहार, कर्तव्य चेतनाका पक्षपाती, जिज्ञासु विद्यार्थीका आदरणीय गुरु, सहकर्मी सखाका सहृदयी सहयोगी सदस्य । सचेत नेपाली नागरिक । नपोखिने मन्द मुस्कानसहितको मधुर बोलीवचनयुक्त प्रतिभाको जन्म आजभन्दा ८३ वर्षअघि म्याग्दीको पातलेखेतमा भएको हो । नेपाली भाषासाहित्यमा स्नातकोत्तर र संस्कृत साहित्यमा आचार्यसम्मको औपचारिक शिक्षा ।

**पेसा :** गाउँघरकै उकालीओरालीसित खेल्दै/डुल्दै/हुर्कंदै अक्षरारम्भसँगै विद्यालय शिक्षापछि उच्च शिक्षा प्राप्त गरी वि.सं. २०२५ देखि उच्च तहको शिक्षण पेसामा प्रवेश । ४० वर्ष बढी महाविद्यालय तहको शिक्षण सेवा । नेपाली विषयका प्राध्यापक र विषय समितिका अध्यक्ष तथा नेपाली केन्द्रीय विभाग, कीर्तिपुरका विभागीय प्रमुख ।

**सम्पादक** : नेपाली भाषासाहित्यको प्रवर्धनमा लागेका पराजुलीले तपसिलका पुस्तक/पत्रिकाको सम्पादन गरी कार्यकौशल पुष्टि गरे । उनले **जयतु संस्कृतम्**, **सिंहनाद**, **नेपाली**, **विद्यार्थी सन्देश**, **सौन्दर्य झपटबहादुर राणाका कथाहरूको खोजबिन र अध्ययन**, त्रिचन्द्र क्याम्पसको वार्षिक पत्रिका **ज्योति**, **नेपाली साहित्य शृङ्खला** (१ र २), **अनिवार्य नेपाली शिक्षण निर्देशिका...** ।

**सहसम्पादक :** पराजुली सहकार्यमा कार्य सम्पन्न गर्ने कौशलयुक्त सम्पादक हुन् । उनी **हिमाली साहित्य** (विधाविशेष सङ्कलनसमेत) महाकवि देवकोटाका अप्रकाशित खण्डकाव्य **मैना**, नेपाली केन्द्रीय विभागबाट प्रकाशन हुने **वाङ्मय** र पाठ्यपुस्तकको सहसम्पादनमा जुटे ।

**शोध-निर्देशक तथा सुपरिवेक्षक :** प्राध्यापक पराजुलीले स्नातकोत्तर तहका ३ दर्जन बढी शोधप्रबन्धको कौशलपूर्ण निर्देशन गरे ।

**विभूषण, पुरस्कार तथा सम्मान :** पराजुलीका सुकर्मको मूल्याङ्कन भई वाङ्मयसेवीका रूपमा फरक समय र सन्दर्भ पारेर विभिन्न सङ्घसंस्थाबाट मान/सम्मान र पुरस्कार प्रदान गरिए । यी हुन्, महेन्द्र विद्याभूषण (२०२५), रत्नश्रीपदक (२०२८), झपट पुरस्कार (२०३९), रत्नश्रेष्ठ पुरस्कार (२०४५), शिक्षा पुरस्कार (२०४६), त्रिवि दीर्घसेवा पदक (२०५३), छिन्नलता सम्मान (२०५५), सुप्रबल गोरखादक्षिणबाहु, वीरेन्द्र ऐश्वर्य सेवापदक, गद्दीआरोहण रजतमहोत्सव, शमी साहित्य पुरस्कार, महाकवि देवकोटा पुरस्कार... ।

**साहित्यिक गतिविधि र संस्थागत संलग्नता :** प्राध्यापनसँगै निरन्तर साहित्य सेवामा समर्पित पराजुलीले विभिन्न साहित्यिक र सामाजिक संस्थासँग आबद्ध भई सल्लाहकार, संस्थापक, सञ्चालकका रूपमा महत्त्वपूण योगदान गरे । यी हुन्, सल्लाहकार : **गरिमा** र त्रिभूर्तिगाथा, संस्थापक सदस्य : म्याग्दी क्याम्पस, सञ्चालक समिति अध्यक्ष : ज्ञानोदय मावि, बाफल,

काठमाडौँ, सञ्चालक समिति सदस्य : जनप्रभात मावि, कालिमाटी, काठमाडौँ **र** साझा प्रकाशन, ललितपुर, अध्यक्ष : चन्द्रप्रधान प्रज्ञामन्दिर, सचिव : नेपाली साहित्य परिषद्, नेपाली साहित्य संस्थान, धौलागिरी र उत्तम कुँवर स्मारक पुरस्कार गुठी, सदस्य : मदन पुरस्कार गुठी, छिन्नालता पुरस्कार गुठी **र** सीताराम प्रज्ञाप्रतिष्ठान ... ।

**प्राज्ञिक र शैक्षिक गतिविधि** : पराजुलीले २०२५ सालमा त्रिचन्द्र क्याम्पसबाट उच्च शिक्षा प्राध्यापनमा सेवाप्रवेश गरेर नेपाली भाषासाहित्यका प्राध्यापक हुँदै नेपाली केन्द्रीय विभागका प्रमुख र नेपाली विषय समितिको अध्यक्ष हुनुका साथै त्रिविको नेपाली विषयक पाठयक्रम निर्माण, शिक्षण अभिमुखीकरण राष्ट्रिय गोष्ठीमा सहभागी भए । उनका अनुसन्धानात्मक समालोचना लेखन प्रकाशित छन् । यसै गरी **मधुपर्क**, **गरिमा**, **रचना**, **वाङ्मय**लगायतका पत्रिकामा ३०० बढी पुस्तक समीक्षा प्रकाशित हुनुका साथै **नेपाली साहित्यको परिक्रमा** (२०४४) ऐतिहासिक कृति प्रकाशित छ ।

**गरिमा साहित्यिक मासिकसित पराजुली** : पराजुली शिक्षणसँगै सामाजिक व्यक्तित्व पनि हुन् । उनले प्राध्यापनसँगै साहित्यिक कृतिको समीक्षा लेखे । **गरिमा**को प्रकाशन आरम्भ भएदेखि नै उनले कृति समीक्षा गरे । **मधुपर्क**, **रचना**जस्ता पत्रिकामा समीक्षात्मक लेख प्रकाशन गरेर साहित्यिक विधाको विकासक्रम र विधा परिचयलाई अघि बढाए । पराजुली सरल प्रस्तुतिमा गम्भीर अभिव्यक्ति दिने समालोचक हुन् । उनले **गरिमा**को **सृष्टि–दृष्टि**मा **निर्माणाधीन सडक**, **आवर्तन**, **पुछारको पातो**, **सुतेको समुद्र** र **अपरिचित देश**को समीक्षात्मक लेख लेखे । **गरिमा**को प्रकाशन आरम्भदेखि सृष्टि–दृष्टिको स्तम्भकार तथा सल्लाहकारका रूपमा पराजुलीको योगदान निरन्तर रह्यो ।

पराजुली पूर्वीय साहित्यबाट प्रेरित र प्रभावित समीक्षक थिए । यसो भनिरहँदा उनी पश्चिमी साहित्यको मूल्य खोज्दैनन् र देख्दैनन् भन्ने होइन तथापि उनमा अध्ययन अध्यापनको रुचि पूर्वीय साहित्य चिन्तनमा बढी थियो । यहाँ पराजुलीबाट २०४२ देखि ०५२/०५३ सालका बिचमा लेखिएका शङ्कर थपलिया, राजेश्वर देवकोटा, मोहनराज शर्मा, गोविन्द गिरी 'प्रेरणा' र प्रताप शाहका कृतिमाथि सञ्जय उपनामबाट प्रकाशित समीक्षाको सङ्क्षिप्त चिनारी दिइएको छ । समीक्षक पराजुली रङधारी चस्माविनाका निष्पक्ष समीक्षक हुन् । उनको भाषाशैली परिष्कृत छ । शब्द सङ्गति र अर्थ सङ्गतिमा विशेष ध्यान दिइएको छ । उनको सिर्जनामा विधागत मूल्य, सुस्पष्ट भाषाशैली, व्यवहारप्रिय प्रस्तुति, जीवनोपयोगी ज्ञान र सिपयुक्त अभिव्यक्ति हुन्छ । यस्तो अभिव्यक्तिले स्रष्टा–सृष्टि जीवन्त बन्छ भन्ने सल्लाह दिन्छ । उनले **निर्माणाधीन सडक**मा निर्माणका क्षेत्रमा देखिएको बेथितिको विश्लेषण गरेका छन् । उनले राजेश्वर देवकोटाको उपन्यास **आवर्तन**को समीक्षा गर्ने क्रममा यसमा विधा सिद्धान्तको विकासका विषयमा केही जिज्ञासालाई अघि सारेका छन् । **आवर्तन**ले चर्चेको अन्तर्य, पात्र, परिवेश आदिको समुचित संयोजन गरिएकोले देवकोटा सफल उपन्यासकार भएको निष्कर्ष निकालिएको छ ।

मोहनराज शर्माको हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह **पुछारको पातो**ले राजनीतिक बेथितिप्रति कटाक्ष गरेको छ । यसमा शासन चलाउनेमा विवेकी इमानको खाँचो देखिएको सन्दर्भलाई चोटिलो ढङ्गले प्रस्तुत गरिएको छ । जनता सचेत बन्न नसकेको यथार्थ समीक्षाका क्रममा व्यक्त छ । गोविन्द गिरी 'प्रेरणा'को **सुतेको समुद्र** (कथासङ्ग्रह) को समीक्षामा धेरैजसो कथाको

चिरफार गरी प्रस्तुतिमा कलात्मक र भाषामा सरलताका कारण उनलाई सिपालु कथाकारका रूपमा चिनायएको छ । देवेन्द्रप्रताप शाहलाई **अपरिचित देश** (कथासङ्ग्रह) का माध्यमबाट सफल कथाशिल्पीका रूपमा उभ्याइएको छ । उनलाई फरक धारको प्रयोगशील कथाकारका रूपमा चिनाउँदै सरल भाषाशैली स्रष्टाको विशेष खुबी बन्नुपर्ने निष्कर्ष निकालिएको छ । पराजुली सरल भाषामा गम्भीर प्रस्तुति दिने परिपक्व समीक्षक हुन् । यहाँ चर्चा गरिएका समीक्षाका आधारमा भन्नुपर्दा आख्यानको समीक्षामा उनको रुचि थियो । थपलियाको **निर्माणाधीन सडक** (कवितासङ्ग्रह) र शर्माको **पुछारको पातो** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह) उनको समीक्षा छनोटमा परेका छन् । देवकोटाको **आवर्तन**, गिरीको **सुतेको समुद्र** र शाहको **अपरिचित देश** गरी ३ ओटा आख्यान उनका समीक्षात्मक रोजाइ हुन् । उनले विधागत मूल्यको पहिचान र दसी-प्रमाणसहित समीक्षा गरेर कृतिलाई न्याय दिँदै कृतिकारमा उत्साह थपी जीवन्त तुल्याउने प्रयास गरेका छन् । उनी समीक्षाका माध्यमबाट पाठकलाई कृतिको प्रवेशद्वार देखाइदिएर कृतिकारलाई सचेतना प्रदान गर्छन् । उनी स्रष्टालाई अगाडिको बाटो सुस्पष्ट ढङ्गले देखाइदिने प्रेरक समीक्षक हुन् ।

लघुकथा

# कमेन्ट




वसन्त अनुभव
(घोराही १४, दाङ)


उसको साहित्यमा निकै दखल थियो । कथा, कवितालगायतका विधामा कलम चलाउँथ्यो । फेसबुकमा रचना पोस्ट गर्दा प्रायः मलाई ट्याग गर्थ्यो । म लाइक र कमेन्ट गरेर उसको हौसला बढाउँथेँ । ऊ निकै खुसी हुन्थ्यो । कहिलेकाहीँ कल गरेरै आभार प्रकट गर्थ्यो । धेरैपछि मेरो सृजना प्रतियोगितामा उत्कृष्ट भयो । खुट्टा भुइँमा थिएन । मैले खुसी बाड्न चाहेँ । तसर्थ उक्त सृजना फेसबुकमा पोस्ट्याएँ । ऊलगायत धेरै साथीलाई ट्याग गरेँ । 'साथीहरूको कमेन्ट कस्तो आउला ? भनी जान्न आतुर थिएँ । घरी घरी फेसबुकमा नियालिरहेको थिएँ । एकछिनपछि उसको कमेन्ट आएको नोटिफिकेसन आयो । खुसी र उत्सुकतासँगै त्यसलाई खोलेँ । कमेन्ट हेर्दा मेरो खुसी र उमङ्ग सबै मऱ्यो । त्यहाँ लेखिएको थियो, 'भो भो ! यसरी ट्याग गरेर अरूलाई डिस्टर्ब गरिरहनुपर्दैन । ट्याग नगरे पनि देखिन्छ ।'


(kcbb014@gmail.com)


**आगामी आकर्षण**

निर्मोही व्यास, कृष्ण प्रधान, चेतनाथ कणेल 'हरित', भोलानाथ सुवेदी, लक्ष्मिमा उपाध्याय, गोपालकुमार मैनाली, प्रमोद नेपाल, ज्ञानीराजा मानन्धर, श्यामकृष्ण मास्के, भीम कोइराला, नवराज न्यौपाने 'मौन', रमेशकुमार श्रेष्ठ, रामसुन्दुर देउजा, राम पौडेल आदि ।

# कोरोना कहरको क्रन्दन



**रामदयाल राकेश**

उता युके भेरिएन्टले सम्पूर्ण युरोपमा आतङ्क मच्चाइराखेको स्थिति छ । त्यस्तै डेल्टा प्लस भेरिएन्टको गत वर्ष चैतमा युरोपमा पहिचान भएको थियो ।

यस्तो स्थितिमा कुनै पनि देशबाट खोप आउने सम्भावना न्यून देखिन्छ । भारतबाट कोभ्याक्स खोप आउने उम्मिद थियो तर त्यहाँबाट हालसाल खोप आउने सम्भावना कम हुँदै गएको छ । अमेरिकाले भनिसक्यो कि खोप २०२१ मा नेपाललाई दिन सक्तैनौँ । २०२२ सालमा खोप हामी पठाउन सक्छौँ । संवेदनशील साहित्यकारहरू काल्पनिक कुरा गरेर आफ्नो मनलाई शान्त गरिराखेका छन् । किनभने साहित्यकार आशावादी हुन्छन् । हेरौँ एक जना कविको काव्यात्मक कथन :

यति बेला म
आधुनिक धन्वन्तरी भएर
समृद्धिको धरहरालाई सम्झिएर
एउटा त्यस्तो मेसिन बनाउँदै छु
जसले तुरुन्तै पत्ता लगाउने छ
यो भयानक भाइरसका कारण र असरहरू
प्रिय बुद्धभूमि विरुद्धका घातक कुण्ठा
र तुच्छ स्वार्थका बीजहरू
सुन ! म एउटा त्यस्तो बोधिसत्व खोप बनाउँदै छु
जसले पहिलो मात्रामा प्रशस्त गर्ने छ
सगरमाथा हाँस्दा रमाउन नसक्ने
विकृत स्नायुग्रन्थीका तमाम सङ्क्रमणहरू

प्रकाश सिलवाल : बोधिसत्व खोप
साभार : साहित्यपोस्ट

यस्तै भयावह भाइरसको प्रकोप चम्किने समयमा आशाको केन्द्र बनेर रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) को महासचिवमा पदासीन नेपालका जगन्नाथ चापागाईंले रोपकारी कार्ययोजना तयार गर्नुभएको छ । नेपाललाई प्राथमिकता दिने आश्वासन दिन लाग्नुभएको छ । यस प्रयासमा प्रशंसनीय योगदान दिने आश्वासन दिन लाग्नुभएको खबर आइराखेको छ । आइएफआरसीले कोभ्याक्सअन्तर्गत विकासोन्मुख तथा गरिब देशलाई खोप सहयोग गर्न निरन्तर पैरवी गर्दै आएको छ । उहाँका अनुसार विश्वका सबैभन्दा गरिब ५० देशले २ प्रतिशत मात्र खोप पाएका छन् । यी देशमा विश्वका १७ प्रतिशत

जनसङ्ख्यको बसोबास छ । कोरोनाविरुद्धको खोप समाजका केही वर्ग र क्षेत्रमा मात्र सीमित हुनु हुँदैन । खोप सम्पन्नताका साथै यसलाई व्यवस्थित गर्नु आवश्यक छ । हामी राष्ट्रहरूका बिचमा राष्ट्रहरूभित्रै कोभिड १९ खोपको उत्पादन, वितरण र समतामूलक पहुँच वृद्धि गर्न सबै सम्भावित उपाय मनन गर्न राष्ट्रलाई प्रेरित गर्नमा प्रतिबद्ध छौँ । समानतामूलक खोपमा समान र सजिलो पहुँच हुन सकेको छैन । सबै जनाले खोप पाउँछन् र उच्च जोखिमको सङ्कटापन्न व्यक्तिलाई प्राथमिकता दिइन्छ । यसलाई सुनिश्चित गर्नुका साथै मानवीय मूल्यलाई ध्यानमा राखेर हामी समानान्तर रूपमा प्रयत्नशील छौँ । आइएफआरसीले महामारी कानुनका लागि विश्व स्वास्थ्य सङ्गठनको पछिल्लो सभामा पैरवीसमेत गरेको थियो ।

महामारीलाई नियन्त्रण गर्न र सामूहिक रूपमा जुध्न महामारी कानुनले सहयोग गर्छ । एउटा सफल सन्धिले विशेष गरी स्वास्थ्य सेवक सङ्घ र अन्यलाई महामारी रोकथाम र पूर्वतयारीमा थप सहयोग गर्छ । अन्तर्राष्ट्रिय लगानी र घरेलु लगानीमा प्रोत्साहन र विश्वव्यापी समानतलाई प्रतिबद्धसमेत गर्छ । परीक्षण खोप र उपचारको पहुँचसहित महामारीबाट सुरक्षित हुन आप्रवासी र शरणार्थीसहित सबैको अधिकारलाई जोड दिन्छ । यसले महामारी पूर्वतयारीका लागि अझ राम्रो र समान राष्ट्रिय तथा क्षेत्रीय ढाँचाको आवश्यकतालाई पनि रेखाङ्कित गर्छ । महामारी समुदायबाट सुरु हुन्छ र समुदायमै अन्त हुन्छ ।

महामारीका समयमा लाखौँ मानवीय सहायता, जनस्वास्थ्य र रोकथामका उपाय लिई स्वयम्सेवक समुदायमा परिचालन भइरहेको छ । यो विशेष गरी कमजोर स्वास्थ्य प्रणाली र अपर्याप्त पूर्वाधार भएका देशहरूमा महत्त्वपूर्ण छ ।

जीवन वायु र प्राण वायु


हरेक बिहान जीवन वायु लिन सूर्यको प्रकाश नियमित सेवन गर्दै आएको छु । यसबाट सूर्यको प्रकाशबाट हुने सबै स्वास्थ्यसम्बन्धी आवश्यक तत्त्व प्राप्त हुनु स्वाभाविक हो । सूर्य अनन्त शक्तिको स्रोत हो । सूर्य साक्षात् देवता हुन् जसलाई हामी आफ्नो आँखाले हेर्न सक्छौँ । यो प्रकाशपुञ्ज, रश्मिपुञ्ज, आलोकपुञ्ज भएको कुरो सम्पूर्ण संसारलाई अवगतै छ । मैथिली समाजमा यसको पूजाआजा बर्सेनि गरिने लामो परम्परा अझ पनि जीवित छ जसलाई हामी छठ भन्छौँ । यसमा छतिस घण्टासम्म व्रतालुहरू निर्जल एवम् निराहार बसेर यसको उपासना एवम् आराधना गर्छन् तर पनि व्रतालुहरूमा शारीरिक कमजोरी महसुस हुँदैन ।

प्राचीन ऋषिमुनिहरू सूर्यको प्रकाशबाट नै ऊर्जा प्राप्त गर्थे र बर्सौंसम्म तपस्या र साधनामा लीन हुन्थे । यसलाई ऊर्जा प्राप्तिको सर्वोत्तम र नैसर्गिक स्रोत मानिएको छ । विज्ञानले पनि यस तथ्यलाई नकार्न सकेको छैन । यसलाई वैज्ञानिक मान्यता प्राप्त छ । सूर्य स्नान स्वस्थ शरीरका लागि आवश्यक मानिन्छ । तसर्थ लकडाउन खुकुलो भएको बेला सामुद्रिक किनारामा मानिसहरूको भिड हेर्न लायक हुन्छ । पश्चिमी देश, संयुक्त राज्य अमेरिका र क्यानडामा यस्तो दृश्य सहजै हेर्न सकिन्छ । यस्तै सूर्य नमस्कार योग साधनाका लागि आवश्यक आसन हो । यो विश्वलाई अवगत भइसकेको छ ।

क्रमशः

# उज्यालो गाउँ

राजेश मानन्धर



# समाचार

## साहित्यकार गोदारेको निधन

**काठमाडौँ** । वरिष्ठ साहित्यकार नारायण गोदारेको निधन माघ ७ गते भयो । उहाँका **मातृ** (कवितासङ्ग्रह २०५१), **गजडी भङ्गी** (खण्डकाव्य २०५२), **शवयात्रा जारी छ** (कवितायात्रा २०५७), **सिद्धिचरण एक, अनाहकका उद्गारहरू** -२०५९), **स्वराष्ट्रका वीरेन्द्र** -महाकाव्य २०५९), **अनेक** ( २०५८), **कूलचन्द्र र स्मृति** -२०६०) र **फूल** -२०६०) खण्डकाव्य प्रकाशित छन् । झन्डै आधा दर्जन अप्रकाशित कृति रहेका उहाँ बीडी त्यागी स्मृति सम्मानबाट सम्मानित हुनुका साथै सरस्वतीनगरस्थित निवासमा साहित्यकार अभिलेखीकरण अभियानअन्तर्गत **कपन बानेश्वर** साहित्यिक साप्ताहिकले नामपाता टाँसेको थियो ।

**सम्प्रेषण : निवन्ध आचार्य**

## मैथिली भाषामा समाचार सम्प्रेषण गर्नुपर्ने

**राजविराज** । राससका जिल्ला कार्यालय प्रमुख शम्भुप्रसाद यादवको अध्यक्षता र मधेस प्रदेशका सांसद एवम् अर्थ तथा योजना समितिका संयोजक सतिशकुमार सिंहको प्रमुख आतिथ्यमा राष्ट्रिय समाचार समितिको ६३ औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा 'जिम्मेवार पत्रकारिता र राससको भूमिका' विषयक अन्तरक्रिया सम्पन्न गरियो । रासस मधेस प्रदेश प्रमुख टीकाराम सुनार, नेपाल पत्रकार महासङ्घका अध्यक्ष श्रवणकुमार देव, प्रेस स्वतन्त्रता सेनानी एवम् वरिष्ठ पत्रकार वैद्यनाथ झा, मैथिली साहित्य परिषद्का अध्यक्ष अवधेशकुमार झा, महासङ्घका सल्लाहकार मनोहरकुमार पोखरेल, राजेशकुमार झा, सुधा देव, प्रहरी नायब उपरिक्षक ढुण्डिराज न्यौपाने, केदारप्रसाद यादवलगायतले सम्बोधन गर्नुभएको कार्यक्रममा मैथिली भाषामा पनि राससले समाचार सुरु गर्नुपर्नेमा जोड दिइयो । उक्त कार्यक्रममा नानीमैया कटवाल, सुदीप राउत, लोकेन्द्रप्रसाद यादवलगायतको उपस्थिति थियो ।

**सम्प्रेषण : अरूण यादव**

## परिचर्चासहित कविगोष्ठी सम्पन्न

**काठमाडौँ** । साहित्य सन्ध्याका अध्यक्ष **राम विनय**को अध्यक्षता, प्रा.डा. जीवेन्द्रदेव गिरीको प्रमुख आतिथ्य, प्रा.डा. हेमनाथ पौडेल, डा. फणीन्द्रराज निरौला, आभासेतु सिंह, भारतका गजलकार शैयद जाहिर फना, बेनीबहादुर थापा, दुर्गा नेपाली, एस.एन.पी. सिङ्गल, गायत्रीकुमार चापागाईं, डा. गोविन्दप्रसाद आचार्य, डा. रूपनारायण श्रेष्ठ, महेशराज खरेल, डम्बर पहाडी, जयन्ती स्पन्दन, गोपालकुमार मैनाली, विन्दु अधिकारी ढकाल, ओमप्रसाद कोइरालाको आतिथ्य र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न ४४८ औँ शृङ्खलामा प्रमुख अतिथिबाट 'साहित्यमा अन्तरवस्तु र रूपको सन्तुलन' विषयक चर्चा हुनुका साथै कुमार नेपाल, लीलाराज दाहाल, जयन्ता पोखरेल, नवराज श्रेष्ठ, ऋचा अधिकारी, नवीन पल्लव, सोइना दाहाल, सोमनाथ दाहाल, प्रशान्त खरेल, डा. मनोज जोशी र मिसन अधिकारीले रचना वाचन गर्नुभयो ।

### कवि त्रिलोचन आचार्य एक दर्जन कवितामा गुन्जिए

**काठमाडौँ** । राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालका अध्यक्ष राम विनयको अध्यक्षता, राष्ट्रिय जनसांस्कृतिक महासङ्घका अध्यक्ष प्रेमनाथ अधिकारीको प्रमुख आतिथ्य, प्रा.डा. जीवेन्द्रदेव गिरी, आभासेतु सिंह, डा. फणीन्द्रराज निरौला, जगन्नाथ आचार्य, नर्मदेश्वरी सत्याल, डा. कृष्ण सुवेदी, डा. गोविन्दप्रसाद आचार्य, पुण्यप्रसाद न्यौपाने, राजेन्द्र भजु, महेशराज खरेल, कृष्णदेव रिमाल, पवित्रा आचार्यलगायतको आतिथ्य, डा. हरिप्रसाद सिलवालको कविपरिचय र ज्ञानु विद्रोहीको सञ्चालनमा सम्पन्न ८७ औँ शृङ्खलामा त्रिलोचन आचार्यका एक दर्जन कविता गुन्जिए ।

सम्प्रेषण : रमेश पोखरेल

### घुम्ती कविगोष्ठी

**काठमाडौँ** । स्रष्टा पदयात्राका अध्यक्ष शीतल गिरीको अध्यक्षता, **कल्पतरू**का प्रकाशक/प्रधान सम्पादक नवराज पुडासैनी 'ज्योत्स्ना'को प्रमुख आतिथ्यता, कवि वसन्त रिजाल, खोलाघरे साहिँलो, महेन्द्र चालिसे, डा. कृष्ण सुवेदी 'भारद्वाज मित्र', सजीव श्रेष्ठ, सङ्गीतकार एन.बी. जनकपुरी र डा. बालचन्द्र मिश्रको आतिथ्य, उपाध्यक्ष त्रिलोचन आचार्यको स्वागत, अध्यक्ष माधवलाल श्रेष्ठको धन्यवाद ज्ञापन र सचिव रामकुमार पण्डितको सञ्चालनमा सम्पन्न १३५ औँ शृङ्खलामा ओमप्रसाद कोइराला, शारदा पराजुली, बुद्धिसागर पौडेल, रूबी सत्याल, जयराम बिडारी, शोभा पोखरेल, गङ्गाप्रसाद भेटवाल र परशुराम पराशरले कविता वाचन गर्नुभयो ।

### श्रीमद्भागवत ज्ञान–विज्ञान महायज्ञ सम्पन्न

**काठमाडौँ** । साहित्य, संस्कृति र पर्यटनको सङ्गम सङ्कल्प धाम स्थापना गर्ने सिलसिलामा साहित्य संवर्द्धन केन्द्र नेपालले २०८० साल फागुन ५ गते भव्य कलश यात्राबाट प्रारम्भ गरेको श्रीमद्भागवत महापुराण फागुन १३ गते सम्पन्न भयो । महेश सन्न्यास आश्रम देवघाटका पीठाधीश १००८ श्री रमणानन्द गिरिले उद्घाटन गर्नुभएको सो कार्यक्रमको समापन वेङ्कटेश मन्दिर बत्तीसपुतलीका स्वामी आचार्य श्री पुरूषोत्तमबाट भयो । पुराण वाचन प्रखर वक्ता आचार्य राघव उपाध्यायबाट भयो । नौ दिने कार्यक्रममा स्वामी पदमधराचार्य, स्वामी रामानुज र आचार्य रामकृष्ण उपाध्यायका विचार पनि प्रसारण गरिए । पुराण वाचनका अतिरिक्त गुरु श्री नुर्बु शेर्पा, प्रा.डा. प्रेम खत्री, प्रा.डा. जगमान गुरूङ, प्रा.डा. वीणा पौडेल, प्रा.डा. माधवप्रसाद पोखरेल, प्रा.डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिना, प्रा.डा. कृष्णप्रसाद दाहाल, प्रा. प्रभा भट्टराई, प्रा.डा. रामप्रसाद ज्ञवाली, प्रा. पुण्य पराजुलीले साहित्य संस्कृति एवं पर्यटनका विषयमा सारगर्भित धारणा प्रस्तुत गर्नुभयो । यही क्रममा घुम्ती कवि गोष्ठी, कोठे कविता गोष्ठीलगायत कविता, गीत एवम् भजन प्रस्तुत गरिए । श्रीमद्भागवत्लाई द्वापर युगको उन्नत साहित्य पनि मानिन्छ । वैशाख १ गते प्रभातफेरीसहित साहित्य दिवस मनाई सोही दिन १४ थान पुरस्कार प्रदान गर्ने र वर्षभरि प्रकाशित उपलब्ध भएसम्मका पुस्तकको समीक्षायुक्त वर्ष साहित्य पुस्तक प्रकाशन गर्दै आएको केन्द्रले आयोजना गरेको महापुराण सफलतापूर्वक सम्पन्न भयो ।

साहित्य संवर्द्धन केन्द्र नेपालले करिब पचास रोपनी जमिन लिएर त्यसमा एक लाख पुस्तक अट्ने पुस्तकालय, साहित्यकार अध्ययन अनुसन्धान कक्ष, सरस्वती मन्दिर, बुद्ध प्रतिमा, ५००

जना क्षमताको सभा कक्ष, २०० जना क्षमताको प्रशिक्षण कक्ष, १०० जना क्षमताको नाटक तथा नृत्य कक्ष, विभिन्न वर्गका साहित्य तथा संस्कृति झल्कने कम्तिमा १६ कक्ष, अनुसन्धाताको लागि आवास गृह, वनभोज स्थल, ध्यान स्थल, ऐना घर, पौडी पोखरी, बाल मनोरञ्जन स्थल, बौद्धिक आवासजस्ता साहित्य, संस्कृति एवम् पर्यटनको सङ्गमरूपी सम्पदा जसको एकमुष्ठ नाम सङ्कल्प धाम हुने गरी निर्माण गर्ने लक्ष्य लिएको छ । यो सम्पदामा स्वदेशी एवम् विदेशी पर्यटकले मनोरञ्जन गर्दै संस्कृतिको अवलोकन गरी साहित्यको अनुभूत गर्ने वातावरण हुने कुरा महासचिव विनयकुमार शर्मा नेपालले बताउनुभयो ।

**महिला साहित्यिक जागरण अभियान कार्यक्रम**

**काठमाडौं** । अभिनव साहित्य समाजको आयोजना र गोकर्णेश्वर नगरपालिकाको प्रायोजन, समाजका अध्यक्ष गोविन्द घिमिरे 'वेदमणि'को सभापतित्व, गो.न.पा. वडा नं. ५ का वडाध्यक्ष नारायणबहादुर सुवेदीको प्रमुख आतिथ्य, माधवलाल श्रेष्ठ, रामचन्द्र दाहाल, वसन्त रिजाल, राजभाइ धौगोडा, अनिल पराजुली, लक्ष्मी पुडासैनी र श्री योगीको आतिथ्यमा सम्पन्न कार्यक्रममा सचिव परशुराम पराशर र साहित्यकार मेनका पोखरेल आचार्यबाट महिला साहित्यिक जागरण अभिवृद्धि कार्यक्रमअन्तर्गत मा.वि.स्तरीय छात्रा तथा शिक्षिकालाई संस्मरण लेखन प्रशिक्षण एवम् लेखन प्रतियोगिता सम्पन्न गरियो ।

आख्यान वाचन

**काठमाडौं** । फागुन, १९ । सुरभि साहित्य प्रतिष्ठानका अध्यक्ष बाजुरामको सभापतित्व, अच्युतप्रसाद चालिसेको प्रमुख आतिथ्य, गोविन्द घिमिरे वेदमणि र अच्युतराम चालिसेको आतिथ्य, उपाध्यक्ष परशुराम पराशरको स्वागत मन्तव्यमा रेश्मा तामाङ, बिन्दु अधिकारी, रञ्जना पराजुली लम्साल, सुशील आचार्य, भवानी सापकोटा, शान्ति रिसालले लघुकथा वाचन गर्नुभयो ।

**पुरस्कार वितरण र पुस्तक सार्वजनिक**

**काठमाडौं** । लघुकथा समाजका अध्यक्ष गोपाल अश्कको सभापतित्व, नाट्यकर्मी अशेष मल्लको प्रमुख आतिथ्य, प्राज्ञ अगिब बनेपाली, श्रीओम श्रेष्ठ 'रोदन' र डा. हिमलाल श्रेष्ठको आतिथ्य र रामकुमार पण्डित क्षेत्रीको सञ्चालनमा समपन्न कार्यक्रममा धनमान कथा पुरस्कार कथाकार पद्मावती सिंहलाई प्रदान गरिनुका साथै कथाकार धनमान श्रेष्ठको कथासङ्ग्रह **टाढाको सम्झना** सार्वजनिक गरियो ।


अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ

**शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया**

sabdankuraustralia@gmail.com

Phone: 061-0403721631 (Whats App and Viber)

सिडनी, अस्ट्रेलिया

# सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौँ

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधैँ लगआउट गरौँ ।
- अरूलाई आफ्नो एकाउन्टको पासवर्ड थाहा नदिऊँ ।
- साथीभाइ वा अन्यको फोटो तथा भिडियो खिच्नुअघि र सामाजिक सञ्जालमा राख्नुअघि अनुमति लिऔँ ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौँ ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऊँ ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौँ ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो सेयर नगरौँ ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट र सेयर नगरौँ ।
- शङ्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौँ र रेकर्डका लागि सुरक्षित राखौँ ।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौँ र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गरौँ ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

शब्दाङ्कुरलाई रकम भुक्तानी गर्न QR कोड स्क्यान गर्नुहोस् ।

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क**: | नेपाल (नेरु) र भारतमा (भारु) | १०,०००।- |
| | संस्थागत र अन्य मुलुक नेरु | २०,०००।- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरु) र भारतमा (भारु) | ५,०००।- |
| | संस्थागत अन्य मुलुकमा रु | १०,०००।- |